# एलआरए प्रस्तावित रणनिती २०१९– २०२२

**सुझावका लागि (नोभेम्बर २०१८)**

**कसरी सहभागी हुने र आफ्ना भनाई राख्ने**

पुस्तकालयमा किताबहरु कसरी मिलाएर राख्ने र पुस्तकालय खुल्ने र बन्द गर्ने समय प्रस्ताव समेत समेटिएको हाम्रो प्रस्तावित रणनितीका बारेमा हामी तपाईंको प्रतिक्रिया सुन्न चाहन्छौं । अहिलेसम्म कुनैंपनि निर्णय लिईसकिएको छैन र अन्तिम निर्णय लिनमा तपाईंका विचारहरु महत्वपुर्ण हुनेछन् ।

**यो सुझाव संकलन २१ नोभेम्बर बुधबारदेखि मंगलबार २९ जनवरी २०१९ को मध्यरात सम्म खुल्ला रहनेछ ।**

कृपया kent.gov.uk/lrastrategy मा गएर अनलाइन प्रश्नहरुको जवाफ दिनुहोस् । अथवा यी प्रश्नहरुका कागजी प्रतिलिपी केन्टका सबै पुस्तकालयहरु , दर्ता कार्यालय र गेटवेहरुमा उपलब्ध छन् ।

हामीहरु देशभर नैं पुस्तकालयहरुमा २० वटा छोटा भेटघाट कार्यक्रम आयोजना गर्दैछौं जहां तपाईंले यी रणनीति तथा प्रस्तावहरुका बारेमा कुराकानी गर्न सक्नुहुनेछ । आफ्नो स्थानीय पुस्तकालयबाट वा kent.gov.uk/lrastrategy मा गएर आफ्नो नजिकैको कार्यक्रमबारे थाहा पाउनुहोस् ।

थप जानकारीका लागि हाम्रो वेबसाइट वा तपाईंको स्थानीय पुस्तकालयबाट निम्न कागजातहरु उपलब्ध छन् ।

– प्रस्तावित रणनिती तथा पुस्तकहरु कसरी मिलाएर राख्ने भन्ने टायरिङ मोडलका हकमा शुरुको अवस्थाका असरहरु बारेको कागजात

–हरेक पुस्तकालयका लागि कस्तो खालको नियम बनाउने भन्ने बारे पुर्ण विवरण

## अब के हुन्छ ?

सरसल्लाहको काम सकिएपछि पुर्ण बिश्लेषण तथा रिपोर्ट तयार हुनेछ र ७ मार्च २०१९ का दिन सो विवरण तथा रिपोर्ट ग्रोथ, इकोनोमिक डिभलेपमेन्ट र कम्युनिटिज क्याबिनेट कमिटि समक्ष पेश गरिनेछ। यो कार्य कम्युनिटि र रेगुलेटरी सेवाका मन्त्रीहरुले निर्णय लिनु भन्दा अघि नैं गरिनेछ।

## वैकल्पिक सामाग्री

सुझाव सम्बन्धि सामाग्री यदि तपाईं कुनैं वैकल्पिक फरम्याटमा वा अर्को भाषामा मगाउन चाहनुहुन्छ भने **alternativeformats@kent.gov.uk** इमेल गर्नुहोस् वा **०३०० ४२१५५३ मा** फोन गर्नुहोस् ( टेक्स्ट पठाउने नम्बर १८००१ ०३००० ४२१५५३ ) यो नम्बरमा फोन गर्दा मेसेजमा जान्छ जसलाई अफिस समयमा मोनिटर गरिन्छ।

# बिषयसुची


| | |
|---|---|
| परिचय | ४ |
| एक पृष्ठमा एलआरए रणनिती | ५ |
| अध्याय १ पुस्तकालय, दर्ता तथा संग्रहका बारेमा | ६ |
| पुस्तकालय, दर्ता र संग्रहका बारेमा एउटा नयां ३ बर्षे रणनीति | ८ |
| पुस्तकालय, दर्ता र संग्रहको राष्ट्रिय चित्रण | १० |
| आर्थिक चुनौंतीहरु | १२ |
| भविष्यका लागि पुस्तकालय, दर्ता र संग्रहका लक्ष्यहरु | १३ |
| अध्याय २ लक्ष्य १ : **सबैजनालाई स्वागत छ** | **१४** |
| अध्याय ३ लक्ष्य २ : **जनताको जीवनलाई समृद्ध बनाउन** | **१८** |
| अध्याय ४ लक्ष्य ३ : **लचिलो तथा सम्पर्कसहितको समुदाय** | **२२** |
| अध्याय ५ लक्ष्य ४ : **दिगो तथा सृजनशील** | **२६** |
| अध्याय ६ लक्ष्य ५ : **स्वस्थ जीवन बांच्नका लागि सबैलाई मद्धत** | **४०** |
| अध्याय ७ एक सफल तथा विकसित सेवा | ४३ |
| परिशिष्ट क एलआरए भवन नेटवर्कको नक्शा | |
| परिशिष्ट ख मोबाईल पुस्तकालय स्टपहरुको नक्शा | |
| परिशिष्ट ग पुस्तकहरु मिलाएर राख्ने प्रस्तावित ढांचा वा टायरिङ मोडल | |


http://www.kent.gov.uk/lrastrategy मा गएर प्रश्नावलीहरु भर्नुहोस् र आफ्ना विचारहरु हामीलाई दिनुहोस् ।

# परिचय

केन्ट काउन्टी काउन्सिल (केसिसि) उसको पुस्तकालय, दर्ता र संग्रह (एलआरए) सेवा र यसले केन्टका बसिन्दाहरुमा ल्याउने सकारात्मक नतीजाहरुप्रति गर्व गर्दछ। एलआरए सेवा देशभरि नैं समुदायको बीचमा छ। हाम्रो सेवा मार्फत तपाईंहरुले किताब, सुचना तथा प्रविधि, जन्म तथा मृत्यु दर्ता सम्म पहुंच पाउनुका साथै केन्टको समृद्ध ईतिहास अन्वेषण गर्नुका साथै जीवनका मुख्य घटनाहरुका उत्सव मनाउन सक्नुहुनेछ।

सबै स्थानीय निकायहरुले हाल आर्थिक कठिनाईहरु भोगिरहेका छन्। सेवाहरुलाई थप मितव्ययी बनाउनु पर्ने छ र बचत पनि गर्नु पर्नेछ। यो काम हामी आफ्नो पुस्तकालयहरुको पुर्ण नेटवर्क, हाम्रो शानदार संग्रह सेन्टर र पांचवटा दर्ता अफिसहरुको नेटवर्कलाई कायम राख्दै गर्न चाहन्छौं।

मलाई यी तिनवटै सेवाले जनताको जीवनमा वास्तविक प्रभाव पारेर महत्वपुर्ण भुमिका खेल्छन् भन्नेमा एकदमै विश्वास छ।

हाम्रो सेवाले हाम्रो जीवनशैलीमा आइरहेको परिवर्तन बमोजिम चल्नु पर्दछ र वर्तमान मागहरुलाई प्रतिनिधित्व गर्नु पर्दछ। त्यसको मतलब के हो भने, हाम्रा पुस्तकालयका खुल्ने र बन्द गर्ने समयलाई ती पुस्तकालयहरु कसरी प्रयोग भैरहेका छन् र जनताले चाहेका बेलामा ती पुस्तकालयहरु खुलेका छन् भन्ने कुरालाई सुनिश्चित गर्दै र यी प्रमुख सरकारी भवनहरु समुदायका लागि पुर्ण उपयोग भैरहेका छन् भन्नेमा समुदाय तथा साझेदारहरुसंग कार्य गर्दै अगाडि बढ्नु हो।

वर्तमान आर्थिक अवस्थाको चुनौंतीलाई सामना गर्न र द्रुत रुपमा परिवर्तन भैरहेको काउन्टीको मागलाई पुरा गर्न हामीले यो तीन बर्षिय रणनीति प्रकाशित गरेका हौं। यो , हाम्रो सेवाको पुर्ण क्षमताको उपयोग गर्ने र स्पष्ट भावी दिशा निर्धारण गर्नका लागि तयार गरिएको हो। यो प्रस्तावित रणनीति , पुस्तकहरु मिलाएर राख्ने तरीका तथा पुस्तकालय खुल्ने र बन्द गर्ने समयका बारेमा तपाईंको विचार हामी जान्न चाहन्छौं। हालसम्म कुनैं पनि निर्णय लिइएको छैन र अन्तिम निर्णय लिनु अघि म तपाईंहरुको विचार बुझ्न चाहन्छु।

**हाम्रो सुझाव संकलन कार्य बुधबार २१ नोभेम्बर देखि मंगलबार २९ जनवरी २०१९ सम्म रहनेछ र म तपाईंहरु सबैलाई रणनीतिक प्रश्नावलीहरुका जवाफ दिनका लागि आग्रह गर्दछु।**

माइक हिल ओबिइ –कम्युनिटी र रेगुलेटरी सेवा मन्त्री

# एक पृष्ठमा रणनीति

## सबैजनालाई स्वागत छ

मुख्य प्रस्ताव : नयां बजार व्यवस्थापन र प्रचार

## जनताको जीवनलाई समृद्ध बनाउने

मुख्य प्रस्ताव : एलआरआए डिजिटल रणनीति

## लचिलो तथा सम्पर्क सहितको समुदाय

मुख्य प्रस्ताव : एलआरए एक पसलको झ्याल, हाम्रो सामुदायिक सम्पत्तिको अधिकतम प्रयोग र साझेदारी प्रदान गर्ने

## दीगो र नवीन

मुख्य प्रस्ताव : पुस्तकालयमा पुस्तकहरु राख्ने नयां प्रस्तावित तरीका वा टायरिङ मोडल/ पुस्तकालय खोल्ने र बन्द गर्ने समयबारे पुनर्मुल्यांकन

## स्वस्थ जीवन बांच्नका लागि सबैलाई मद्धत

मुख्य प्रस्ताव : पुस्तकालय डाइरेक्ट – हाम्रो बाह्य बिशेषज्ञ सेवा

हाम्रो रणनीतिका मुख्य बुंदाहरु निम्न प्रकार छन्

- हाम्रो ९९ पुस्तकालय, संग्रहालय र पांचवटा दर्ता कार्यालयहरुको सामुदायिक नेटवर्क कायम राख्ने
- पुस्तकहरु मिलाएर राख्ने नयां तरीका टायरिङ मोडल तथा खोल्ने र बन्द गर्ने समय प्रस्ताव गर्ने
- सेवाका लागि नयां बजार व्यवस्थापन तथा प्रचारको विकास
- सबै पुस्तकालयहरुमा कम्प्युटर तथा वाइफाइ उपलब्ध गराउने
- डिजिटल प्रविधिको प्रयोगबाट हाम्रो संग्रहसम्म पहुंच पुर्‍याउने काम गर्ने
- हाम्रो इन्टरनेटमा आधारित भर्चुअल पुस्तकालय र संग्रहको विकास गर्ने
- डिजिटल प्रविधिको माध्यमबाट हाम्रो संग्रहमा व्यापक पहुंच पुर्‍याउन काम गर्ने
- केन्टभरमा हाम्रो दर्ता सेवा बढाउने, विकल्पहरु दिने र मुल्यका विकल्प पनि दिने
- हाम्रा सामुदायिक भवनहरुको अधिकतम उपयोग

- लाइब्रेरी डाइरेक्ट सहित हाम्रो बिशेषज्ञ सेवा ल्याउने

# अध्याय १ –पुस्तकालय, दर्ता तथा संग्रहका बारेमा

केन्ट काउन्टी काउन्सिल द्धारा सन्चालित पुस्तकालय, दर्ता र संग्रह सेवा ( एलआरए) एउटा अति महत्वपुर्ण सामुदायिक सेवा हो । एलआरएको विस्तृत सेवा केन्टभर बसोबास गर्ने, काम गर्ने, अध्ययन गर्ने र केन्ट भ्रमणमा आउने जो कोहीलाई प्रदान गरिन्छ र हाम्रा सेवाहरुले सबैलाई उनीहरुको जीवनको महत्वपुर्ण चरणहरुमा सहयोग गर्दछ ।

## पुस्तकालय २०१७ – २०१८

हाम्रा सेवाहरु :
– **९९** वटा पुस्तकालयहरुको नेटवर्क ( अनुसुची क हेर्नुहोस् )
– **१४३** वटा आवास तथा केयर होमहरुमा पुस्तक वितरण सेवा
– **५** वटा कारागर पुस्तकालयहरु
– भाडामा लिनका लागि **१५** लाखभन्दा बढी युवा तथा बालबालिका पुस्तकहरु जसबाट **४,२४१,१८३** पटक भाडामा दिन संभव भयो ।
– **५** वटा मोबाईल पुस्तकालयहरु जसलाई सानो र ग्रामीण समुदायमा पुर्‍याईनेछ र ३६८ वटा स्थलहरुमा रोकिनेछ । ( अनुसुची ख हेर्नुहोस्)
– भाडामा लिनका लागि **३८,४६३** डिभिडिहरु , **४७,१५८** सिडि तथा अडियो पुस्तकहरु
– घरमै पुस्तकालय सेवा र नयां दुनियालाई छुनुहोस् भन्ने योजना बमोजिम घर पुस्तकालय सेवाका ग्राहकहरुलाई ट्याबलेट भाडामा लिन दिइने जसबाट उनीहरुले पुस्तक रिजर्भ गर्न र छान्न पाउंछन् , जसको संख्या **१,३०५** पुगेको छ ।
–हामी **३,२६५** शिशु गाना कार्यक्रमहरु संचालन गर्दछौं र **३,९६६** कुराकानी सेसनहरु संचालन गर्दछौं ।
– आंखा कम देख्ने व्यक्तिहरुलाई अडियो पुस्तकहरु हुलाकका माध्यमबाट पठाउने जसको संख्या **९५५** पुगिसकेको छ ।

**सुचना सेवाहरु**

– **फेसबुक** पेज तथा **ट्विटर**ले एलआरए सेवाहरुका बारेमा पछिल्ला सुचनाहरु, सार्वजनिक विचारहरु र कुराकानीहरुका बारेमा जानकारी गराउंदछ ।

– **केन्ट लाइब्रेरियनलाई सोध्नुहोस्** अन्तर्गत बर्षको **९,०८७** सोधपुछ प्राप्त भएका छन् ।

## डिजिटल सेवाहरु २०१७ – १८

– हरेक पुस्तकालय भवनमा निशुल्क कम्प्युटर र वाइफाइमा पहुंच ।

– एलआरएको वेबसाइट **९०९,७६३** पटक चलाईएको छ जसबाट ग्राहकहरुले पुस्तक रिजर्भ गर्ने तथा रिन्यु गर्ने, पुस्तकालय खुल्ने समय पत्ता लगाउने र अनलाइनमैं किताब संग्रहमा पुस्तकहरुको खोजी गर्ने काम गरेका छन् ।

– **३,८०५** अनलाइन पत्रिकाहरु र **२,६९८** अनलाइन म्यागेजिनहरुमा पहुंच

– कम्प्युटर बडिजले **७,७९३** व्यक्तिहरुलाई **४,४५८** सेसन प्रदान गर्‍यो ।

## केन्ट र बेक्स्लीमा दर्ता सेवाहरु २०१७ – १८

– **२३०** वटा मान्यताप्राप्त स्थलहरुमा **३,७३४** वटा विवाह समारोह सम्पन्न

– २८ वटा पुस्तकालयहरुमा जन्म तथा मृत्यु दर्ता । **३४,६०४** दर्ता सम्पन्न ।

– केन्टले एक सय सिटिजनसिप समारोहहरुमा नयां बेलायती सिटिजनहरुको स्वागत गर्‍यो ।

– सन् १८३७ देखि यता जन्म, मृत्यु तथा विवाह दर्ता प्राप्त गर्न ग्राहकहरुका लाथि खोजी सेवा प्रदान गरेको छ जसले **१५,५२४** वटा प्रमाणपत्रहरु जारी गरिसकेको छ ।

– केन्टमा **५** र बेक्स्लीमा **१** दर्ता कार्यालयहरु ( अनुसुची क हेर्नुहोस्)

– **लन्डन बरो अफ बेक्स्ली** का लागि दर्ता सेवा प्रदान गर्ने ।

– ब्रिटिश सिटिजनसिप प्राप्त गर्नका लागि **१,९०७** व्यक्तिहरुलाई नेशनालिटी चेकिङ सेवा प्रदान ।

## संग्रह २०१७ – १८

– केसिसि को तर्फबाट **रेकर्ड व्यवस्थापन सेवा**

– सम्पतिको रेकर्डदेखि परिवारहरुलाई चिट्ठी तथा डायरीहरु जस्ता व्यक्तिगत सामाग्रीहरुमा पहुंच

– केन्ट हिस्ट्री र लाइब्रेरी केन्द्रमा **८.५ माइल खात** का ऐतिहासिक दस्तावेजहरु संग्रह गरिएका छन् । हाम्रो संकलनको सबैभन्दा पुरानो दस्तावेज **सन् ६९९** को छ ।

– टाउन सेन्टरको हाम्रा ठुला पुस्तकालयहरुमा टाउन डाइरेक्टरीहरु, भवनका रेकर्डहरु, केन्टको ऐतिहासिक नक्शा, भुगर्भ र जमीनको नक्शा तथा तस्वीरहरु जस्तै छापा, तस्वीर, पोष्टकार्ड र नयां कटिङहरु छन् ।

– **३८ वटा कुराकानी तथा प्रदर्शनीका** कार्यक्रम

– केन्ट संग्रह वेबसाइट जहां ग्राहकहरुले इन्टरनेटमा जाने, दस्तावेजहरु अर्डर गर्ने, सेसन बुक गर्ने गर्न सक्दछन् । हाम्रो शर्च रुममा **४९,५३५** पटक खोजिएको रेकर्ड छ ।

# पुस्तकालय, दर्ता र संग्रहका बारेमा एउटा नयां ३ बर्षे रणनीति

हाम्रो परिवर्तनशील समुदायलाई सहयोग

एलआरएले सेवा दिने ग्राहक तथा समुदायहरु परिवर्तन भैरहेका छन् र समयसंगै परिवर्तन भैरहनेछन् । नयां चुनौंतीहरुको सामना गर्नुपर्ने छ र नयां अवसरहरुको उजागर पनि गर्नुपर्ने छ । यस रणनीतिले कसरी केसिसिले उसका ग्राहक तथा समुदायहरुका रुची र आवश्यकताहरुलाई ख्याल राख्दै स्थायी पुस्तकालय, दर्ता र संग्रह सेवा प्रदान गर्नसक्छ भन्ने कुराहरु तय गरेको छ ।

केन्टको जनसंख्या बढिरहेको छ – सन् २०११ र २०३१ को बीचमा काउन्टीमा थप ३९६,३०० व्यक्तिहरुले बसोबास गर्नेछन् जुन २३% ले वृद्धि हो । ( केन्ट र मेडवे ग्रोथ एन्ड इन्फ्यास्ट्रक्चर फ्रेमवर्क, केन्ट काउन्टी काउन्सिल , २०१८ को अपडेट)। यसबाट कुल जनसंख्या अन्दाजी २,१२७,६०० हुनेछ ।

हाम्रो बढ्दो जनसंख्यालाई थप आवासहरुको आवश्यकता पर्दछ र सन् २०११ देखि २०३१ को बीचमा केन्ट र मेडवेभर  अन्दाजी १७८,६०० थप घरहरुको योजना बनाईएको छ । यीमध्ये केही आवास विकासहरुका कारण एब्सफिल्तको न्यु गार्डेन सिटिमा १०,००० घरहरु, ओटरपुलमा प्रस्तावीत नयां विकास लगायत पुरै नयां समुदायको सृजना हुनेछ ।

युकेका अन्य ठाउंहरुमा जस्तै केन्टमा पनि वृदवृद्धाहरुको संख्या बढी छ । सन् २०११ र २०३१ को बीचमा ६५ तथा त्यसमाथि उमेरका व्यक्तिहरुको संख्या ६४% ले वृद्धि हुने अनुमान गरिएको छ  ( केन्ट र मेडवे ग्रोथ एन्ड इन्फ्यास्ट्रक्चर फ्रेमवर्क) र ८० बर्ष

भन्दा माथिका उमेरका व्यक्तिहरुको संख्या ९४% ले वृद्धि हुने अनुमान छ। ( केन्ट र मेडवे ग्रोथ एन्ड इन्फ्यास्ट्रक्चर फ्रेमवर्क)

आउंदा बर्षहरुमा दिर्घकालीन स्वास्थ्य अवस्था बिर्सने रोग अर्थात डिमेन्सियाजस्ता समस्या लिएर बांच्नेहरुको संख्यामा पनि वृद्धि हुने अपेक्षा गरिएको छ। भविष्यमा सीप तथा शारिरीक अपांगता भएका थप वयस्कहरु पनि हुनेछन्। युकेमा अन्दाजी ४ जनामा १ जनालाई मानसिक स्वास्थ्य समस्या हुनेछ र पैसा, काम तथा भत्ताहरु सम्बन्धि चिन्ताका कारण त्यसको सामना गर्न मानिसहरुलाई गाह्रो हुने बताईएको छ। ( मानसिक स्वास्थ्य समस्या कति सामान्य छ? माइन्ड २०१८)। सामाजिक एक्लोपना र एक्लोपनाले सबै उमेरका मानिसहरुलाई अझ बढी असर पारिरहेको छ र अनुसन्धानले के देखाएको छ भने, यो स्वास्थ्यका लागि दिनमा १५ वटा चुरोट पिए बराबर हानीकारक हुनेछ। स्थानीय समुदायहरुको मुटुमा रहेको एलआरए सेवा , मानिसहरुलाई स्वस्थ र सुखी जीवन बिताउन सहयोग गर्न तयार छ र हाम्रो सेवाले आफुलाई त्यस हिसाबले ढाल्न जरुरी छ जसबाट हामीले परिवर्तनशील मागहरु बमोजिम चल्न सकौं।

जनगणनाको जानकारी बमोजिम केन्टको जनसंख्या अझ फराकिलो बन्दैछ। सन् २००१ देखि २०११ को बीचमा काउन्टीमा बस्ने काला तथा जातीय अल्पमतका व्यक्तिहरुको संख्या दोब्बर पुगी सन् २०११ मा ६.३% भएको छ। ( २०११ जनगाणना – केन्ट, केन्ट काउन्टी काउन्सिलमा सांस्कृतिक विविधता, २०१२)

प्रविधि र यसको प्रयोगको तरीका लगातार परिवर्तन भैरहेको छ र सुचना तथा सेवा डिजिटल रुपमा उपलब्ध होस् भन्ने चाहना बढ्दो छ। मानिसहरु आफुले चाहेको कुरा २४ सै घन्टा, हप्तामा ७ दिन छिटो, सजिलो तथा प्रभावकारी हिसाबले मिलोस् भन्ने चाहन्छन्।

तर त्यस्ता व्यक्तिहरु पनि छन् जसको डिजिटल प्रविधिहरु सम्मको पहुंच छैन र सुचना तथा सेवा प्राप्त गर्नका लागि व्यक्तिगत छलफल रुचाउंछन् तथा डिजिटल नभै अन्य माध्यमहरु रुचाउंछन्। यस्ता व्यक्तिहरु पनि पछाडि नछुटुन् भन्ने कुरा एकदमैं महत्वपुर्ण छ। एलआरएले पहिले नैं ग्राहकहरुलाई सेवा प्राप्त गर्ने विविध तरीकाहरु प्रदान गरिसकेको छ र उत्कृष्ट ग्राहक सेवा हाम्रो एउटा बलियो पक्ष हो। अगाडि बढ्ने क्रममा हामी बदलिंदा अपेक्षाहरु र प्राविधिक विकासलाई तत्काल समेट्न तयार हुनु पर्दछ।

**केन्टमा नतिजा दिने बारे**

**केन्ट काउन्टी काउन्सिलको प्राथमिक नतीजाहरु "बढ्दा अवसरहरु, नतीजामा सुधार" मा तय गरिएका छन्। यो केन्ट काउन्टी काउन्सिलको रणनीतिक बयान २०१५ –**

**२०20 हो । एलआरएले तीनमध्ये सबै रणनीतिक नतिजाहरुमा महत्वपुर्ण योगदान दिने काम जारी राख्नेछ ।**

### केन्ट स्थित बालबालिका तथा युवायुवतीहरुले जीवनको सबभन्दा राम्रो शुरुवात प्राप्त गर्ने

*" मेरो माहिलो बच्चाले यस बर्ष तपाईंहरुको समर रिडिङ च्यालेन्ज सम्पन्न गरिन् । यो च्यालेन्ज भन्दा पहिले उनी अक्स्फोर्ड रिडिङ ट्रिको लेभल ८ मा थिईन् । समर पछि उनलाई फ्रि रिडरका रुपमा मुल्यांकन गरियो ( लेभल ११ वा सो समान) समर रिडिङ च्यालेन्जले उनलाई पहिले भन्दा अझ बढी पुस्तक आत्मविश्वासका साथ पढ्न प्रोत्साहित गरेको कुरामा म विश्वस्त छु । "*

### रोजगारीमा भएर, स्वस्थ भएर तथा गुणस्तरीय जीवनको मजा लिएर केन्टका समुदायहरुले आर्थिक वृद्धिको फाईदाहरुको अनुभव गरिरहेका छन् ।

"त्यो मेरो जीवनको एउटा अति महत्वपुर्ण क्षण थियो र सेरेमोनी टोलीले अत्यन्त राम्रो काम गरे !!! सबैले धेरै राम्रो काम गरेका छन् र भावी नागरिकहरुका लागि यस्तै उत्तम सेवा दिइरहनु । धेरै शुभकामना !!!

### वृद्ध तथा कमजोर नागरिकहरु सुरक्षित छन् र स्वतन्त्र जीवन बिताउने विकल्पहरु उनीहरुलाई उपलब्ध छ

"टक टाइमले मलाई धेरै फरक पारेको छ, त्यो नभएको भए म घर बाहिर निस्कन खोज्ने थिइन । "

"म मित्रताका साथसाथै किताबहरुका लागि पनि आउंछु । कसैले आफ्नो ख्याल गर्छ भन्ने थाहा पाउनु राम्रो कुरा हो । "

# पुस्तकालय, दर्ता तथा संग्रहहरुको राष्ट्रिय चित्रण

### पुस्तकालयहरु

इंग्ल्यान्डका स्थानीय काउन्सिलहरुले, सो क्षेत्रमा काम गर्ने, बसोबास गर्ने र अध्ययन गर्ने सबैलाई छरितो तथा प्रभावकारी पुस्तकालय सेवा प्रदान गर्नुपर्ने अनिवार्य दायित्व हो । सार्वजनिक पुस्तकालय वरपरको राष्ट्रिय नेतृत्व पुस्तकालय कार्यदलले उपलब्ध गराउंदछ जसले डिजिटल, संस्कृति, मिडिया र खेलकुद तथा स्थानीय सरकार एशोशिएसन मन्त्रालय मार्फत मन्त्रीहरुलाई रिपोर्ट गर्दछ । सन् २०१६ मा सो कार्यदलले "पुस्तकालय सेवा: इंग्ल्यान्डस्थित सार्वजनिक पुस्तकालयहरुका लागि लक्ष्य २०१६ – २०२१ "

प्रकाशन गरेको थियो जसले इंग्ल्यान्डका पुस्तकालयहरुको भावी उद्धेश्य निर्धारण गर्दछ। केन्टका पुस्तकालयहरुले कसरी सातवटा राष्ट्रिय नतिजाहरुलाई समेटेर हाम्रो उद्धेश्य तथा रणनीति बमोजिम चल्न सक्छन् भन्ने कुरा महत्वपुर्ण छ।

**सातवटा राष्ट्रिय लक्ष्यहरु**

१. संस्कृति र सृजनात्मक समृद्धि

२. बढ्दो पढाई तथा साक्षरता

३. सुधारिएको डिजिटल पहुंच तथा साक्षरता

४. सबैलाई उनीहरुको पुर्ण क्षमता प्राप्त गर्न सहयोग

५. स्वस्थ र सुखी जीवन

६. थप समृद्धि

७. बलियो, थप लचिलो समुदाय

( "पुस्तकालय सेवाः इंग्ल्यान्डस्थित सार्वजनिक पुस्तकालयहरुका लागि लक्ष्य २०१६ – २०२१ बाट)

*"पुस्तकालयहरु महत्वपुर्ण सामुदायिक स्थलहरु हुन् – यीनले मानिसहरुलाई एकै ठाउंमा ल्याउंछन् र राम्रो जीवन यापनका लागि आवश्यक सेवा तथा सहयोग सम्म पहुंच पुर्‍याउंदछन्। "*

( "पुस्तकालय सेवाः इंग्ल्यान्डस्थित सार्वजनिक पुस्तकालयहरुका लागि लक्ष्य २०१६ – २०२१)

**दर्ता**

सार्वजनिक दर्ता सेवाको निरीक्षण साधारण दर्ता अफिस (जिआरओ) ले गर्दछ जुन इंग्ल्यान्ड तथा वेल्सस्थित पासपोर्ट कार्यालयको हिस्सा हो। यसले सन् १८३७ देखिका सबै जन्म, विवाह, मृत्य दर्ताको राष्ट्रिय संग्रहको रेखदेख गर्दछ। केसिसिले पनि अनिवार्य रुपमा जन्म, मृत्यु, विवाह, निजामती साझेदारी र नागरिकताको सेवा दिनु पर्दछ। वर्तमान कानुन बमोजिम दर्ता सेवा प्रदान गर्ने कार्य स्थानीय सरकारको हो।

**संग्रह**

राष्ट्रिय संग्रह सेवाले संगह्रको राष्ट्रिय नेतृत्व प्रदान गर्दछ। हाम्रो संग्रह सेवाले हालसालै राष्ट्रिय मान्यता प्राप्त गरेको छ। केन्ट संग्रहले, " संग्रह सेवा : राष्ट्रिय संग्रह योजना तथा प्राथमिकता २०१५ – १९ " मा तय गरिएका राष्ट्रिय संग्रहका प्राथकिताहरुलाई मध्यनजर गर्दै आफुलाई दीगो राख्ने, विकास गर्ने र आफ्ना संग्रह तथा सेवाहरु प्रदान गर्ने कार्य जारी राख्नेछ।

**राष्ट्रिय संग्रहका लागि रणनीतिक प्राथमिकताहरु**

सरकारलाई विज्ञ सुझाव तथा रचनात्मक आलोचना प्रदान गर्दै रेकर्ड टिकाउ र विकसित हुनेछ भन्ने कुरा सुनिश्चित गर्ने

हाम्रो संग्रहको उपयोग तथा अनुभवको नयां तरीकाहरु अपनाउन जनतालाई प्रोत्साहित गर्ने

राष्ट्रको संग्रहलाई दिगो तथा विकसित बनाउन संग्रह क्षेत्रमा एउटा प्रभावकारी नेता तथा साझेदार बन्ने

उदाहरणीय प्राज्ञिक सम्पर्क र उत्तम विविध खोजका माध्यमबाट अग्रिम ज्ञान अघि बढाउने

डिजाइनका हिसाबले एउटा डिजिटल संग्रह बन्ने

( संग्रह सेवा : राष्ट्रिय संग्रह योजना तथा प्राथमिकता २०१५ – १९)

# आर्थिक चुनौंतीहरु

स्थानीय सरकारलाई दिने रकममा भएको कटौतीका कारण केसिसिले केन्टका समुदाय तथा जनतालाई सेवा दिन नयां तरीकाहरु अपनाउनु पर्ने आवश्यकता छ। केसिसिले बार्षिक खर्चको दबाब तथा घट्दो सरकारी बजेटको सामना गर्नु परेको छ , व्यापार दर तथा काउन्सिल ट्याक्समा भएको वृद्धिले यो दबाबलाई झनैं बढाएको छ। त्यसकारण केन्टका बासिन्दाका लागि सहुलियतपुर्ण सेवा जारी राख्न रचनात्मक बचत तथा आय आर्जनका अवसरहरुको बिस्तार गरिनु पर्दछ।

एलआरएले अन्य सबै सेवाहरु संगै प्रभावकारी बचत उलपब्ध गराउने केसिसिको प्रतिबद्धतामा सहयोग पुर्‍याउनु आवश्यक छ। २०१३/१४ देखि यता एलआरएले

अन्दाजी ६० लाख पाउन्ड बचत वा थप आय प्रदान गरेको छ जसमा ९ लाख पाउन्ड भन्दा अलिकति कम पनि पर्दछ जुन हामी यस आर्थिक बर्षमा प्रदान गर्दैछौं । आगामी दुई आर्थिक बर्षमा थप १० लाख पाउन्ड बचत प्रदान गरिनेछ । यस रणनीतिले हाम्रो राष्ट्यि आवश्यकताहरु पुरा गर्ने क्रममा यी बचतहरु हासील गर्ने तरीकाहरु तय गर्दछ ।

**२०१७ – १८ का लागि एलआरए बजेट**

सन् २०१७– १८ मा पुस्तकालय, दर्ता र संग्रह सेवा संचालन गर्नका लागि केसिसिले **१५,९९३,०००** पाउन्ड खर्च गर्‍यो । एलआरए सेवाले **६,३००,०००** पाउन्ड आय पनि भित्रायो , यसमध्ये अधिकांश दर्ता सेवाबाट प्राप्त हुन्छ र खर्च **९,६९३,०००** हुन आउंछ । खर्चको विवरण निम्नानुसार छुट्याईएको छ :

– कर्मचारी बाहेक एलआरएले ४,६६५,००० पाउन्ड खर्च गर्दछ । कर्मचारी बाहेकका सेवा भन्नाले उदाहरणका लागि पुस्तकहरु, अनलाईन सेवा, आइसिटि उपकरणहरु र हाम्रा मुख्य व्यवस्थापन प्रणालीहरु पर्दछन् ।

– एलआरएले कर्मचारीका लागि ११,३२८,००० पाउन्ड खर्च गर्दछ ।

केन्ट काउन्टी काउन्सिलले एलआरए सेवा प्रदान गर्न प्रयोग भएका सहित सबै काउन्सिल भवनहरुका लागि संयुक्त घरधनीका रुपमा काम गर्दछ । पुस्तकालय तथा दर्ता अफिसका भवनहरु संग सम्बन्धित खर्च छुट्टै बजेटबाट आउंछ र माथिको आंकडामा त्यसको खर्च पर्दैन ।

# भविष्यका लागि पुस्तकालय, दर्ता र संग्रह लक्ष्य

स्थानीय , राष्ट्यि र आर्थिक अवस्थालाई ध्यानमा राख्दै , हामीले एलआरए सेवाका पांच लक्ष्यहरु विकसित गरेका छौं ।

हाम्रा लक्ष्यहरु ग्राहकहरुमा वृद्धि, जनताको जीवनमा सकारात्मक प्रभाव पार्ने र भविष्यका लागि दीगो एलआरए सेवा सृजना गर्नेमा केन्द्रित छन् । यीनैं बुंदाहरुले नैं हाम्रो लक्ष्यको निर्धारण गर्नेछन् र हाम्रो सेवालाई आगामी तीन बर्षसम्म लैजानेछन् । यी लक्ष्यहरु सम्पुर्ण एलआरएका लागि हो, जसले पुस्तकालय, दर्ता र संग्रह बीचको सम्बन्धलाई पहिचान गर्दै यी तीनैं कुराहरुको एउटा अलग्गै पहिचान र महत्वको पनि पहिचान गर्नेछ ।

हामीले भविष्यका हाम्रा लक्ष्यहरुलाई परिचय र आकार दिन हाम्रा कर्मचारी, फोकस समुहहरु र केसिसिले निर्वाचन गरेका सदस्यहरुसंग मिलेर काम गरेका छौं । तीमध्ये केही निम्न प्रकारका छन् :

– देशभर नैं कर्मचारीका वर्कशप सन्चालन गर्ने र अनलनइन छलफल माध्यमद्धारा प्रतिक्रिया दिनका लागि सबै कमैचारीहरुलाई आमन्त्रण गर्ने

– ग्राहक तथा हाम्रो सेवा उपयोग नगर्ने व्यक्तिहरुका लागि फोकस समुहहरु बनाउने र केन्टभर पांचवटा ठाउंमा सेवा दिने

– यी सबै प्रक्रियाहरुमा सल्लाह तथा योगदान दिनका लागि कस पार्टी केसीसी सदस्य समुह तयार पार्ने ।

**पांचवटा लक्ष्यहरु**

यसपछिका अध्यायहरुमा हामीले यी पांच लक्षहरु बमोजिम काम गर्न र तिनीहरु किन महत्वपुणै छन् भन्ने बारेमा बयान गरिनेछ ।

– हरेक व्यक्तिलाई स्वागत छ

–मानिसहरुको जीवन समृद्ध बनाउने

–लचिलो र सम्पर्कसहितको समुदाय

– दिगो तथा सुजनशील

– हरेक व्यक्तिलाई स्वस्थ जीवन बांच्न सघाउने

# लक्ष्य १ : हरेक व्यक्तिलाई स्वागत छ

हाम्रा सेवाहरु हरेक व्यक्तिका लागि जीवनभर खुल्ला हुनेछ, उनीहरुका जेसुकै आवश्यकता भएतापनि, हरेक व्यक्तिलाई महत्व दिईनेछ, सहायता गरिनेछ र हरेक व्यक्ति सुरक्षित हुनेछ । कथाहरु र कथा वाचन हाम्रो सेवाको केन्द्रमा हुनेछ र हामीले गरेका हरेक कार्यमा यसको उत्सव मनाईनेछ । मानिसहरुले एलआरएले दिने सेवाहरु र उनीहरुको जीवनमा यसले कसरी मद्धत गर्न सक्छ भन्ने कुराहरु बुझ्नेछन् । सजिलो पहुंच, समयमै प्राप्त हुने भरपर्दा सुचना, सल्लाह तथा सहयोग खोज्ने प्रत्येकका लागि हाम्रा सेवाहरु विश्वसनीय पहिलो विकल्प हुनेछन् । हामी ग्राहकका प्रतिक्रियामा सकारात्मक जवाफ दिनेछौं जसका कारण हाम्रो सेवा प्रयोग गर्नेहरुका लागि सबभन्दा राम्रो अनुभव दिने कुरामा हाम्रा सेवाहरु केन्द्रित भएको कुरा सुनिश्चित होस् ।

## यो किन महत्वपुर्ण छ

हाम्रा सेवाहरु अलग र सुरक्षित छन् र यी सेवाहरु विश्वसनीय ठाउंहरुमा प्रदान गरिन्छ जहां हरेक व्यक्ति जान सक्छन् र उनीहरुको त्यसमा पहुंच छ । हामी हाम्रो सेवाका बारेमा सबैलाई बढी भन्दा बढी जानकारी दिन चाहन्छौं जसका कारण धेरै मानिसहरु आएर यसको उपयोग गर्न सकुन् । हामी के कुरा पनि सुनिश्चित गर्न चाहन्छौं भने हरेक व्यक्तिले संभव भएसम्मको सबभन्दा राम्रो अनुभव प्राप्त गर्न सकुन् ।

पब्लिक तथा ग्राहक फोकस समुहबाट प्राप्त जानकारीले के देखाएको छ भने धेरैजसो सहभागीहरुलाई पुस्तकालयले दिने पुर्ण सेवाहरुका बारेमा थाहा छैन । अझ वर्तमान प्रयोगकर्ताहरुलाई समेत सबै सेवाहरुका बारेमा जानकारी छैन, जस्तै उदाहरणका लागि रोजगारी खोजिरहेकाहरुका लागि सहयोग, स्वास्थ्य तथा स्वस्थकर जीवनबारेका पुस्तकहरु , केयर होम तथा डे सेन्टरहरुमा पुस्तकहरु उपलब्ध गराईने, डिमेन्सिया भएका व्यक्तिहरु तथा तिनको हेरचाह गर्नेका लागि सहयोग, हाम्रो केन्टको लाइब्रेरियनलाई सोध्नुहोस् भन्ने सेवा, इबुक्स आदिका बारे ।

## हामीले यो लक्ष्य कसरी हासिल गर्न सक्छौं

हामी हामीले दिने सेवाहरुका बारेमा जनचेतना जगाउने काममा केन्द्रित रहनेछौं जसका कारण हाम्रो ग्राहकका आधार विकास तथा वृद्धि गर्न संभव भएसम्म बृहत स्रोता समक्ष हामी पुगिरहेको कुरा सुनिश्चित हो्स् ।

## नयां बजार व्यवस्थापन तथा प्रचार

हाम्रो सेवाका बारेमा जनचेतना जगाउनका लागि हामी नयां बजार व्यवस्थापन तथा प्रचार रणनीतिको विकास गर्नेछौं । यसमा हाम्रो ब्रान्ड तथा भवनहरु कस्तो देखिन्छन् भन्ने कुरा पनि समावेश हुनेछ । हामी नयां मानिसहरु तथा बृहत स्रोतासम्म पुग्न चाहन्छौं । यस बजार व्यवस्थापन रणनीतिले हाम्रो वर्तमान अवस्थाका बारेमा हामीलाई प्रष्ट पार्नेछ, हामी कहां रहन चाहन्छौं भन्ने कुराको पहिचान गर्नेछ र हामीलाई त्यहां पुर्‍याउने विस्तृत योजना उपलब्ध गराउनेछ । हामी हाम्रो पहिचान देशभर पुर्‍याउन कसरी हाम्रो एक अलग स्रोतसाधनहरुलाई लक्षित गर्ने भन्ने कुरामा जोड दिनेछौं ।

यस कार्य योजनाले हामीले प्रचार गर्नुपर्ने विभिन्न सेवाहरुको बारेमा विवरण, हामीले पुग्न चाहेका ग्राहक र हामीले भविष्यमा प्रयोग गर्ने सबभन्दा उचित संचार पद्धतिका बारेमा विस्तृत खाकाहरु तयार पार्नेछ । यसमा सामाजिक सन्जाल र अनलाइन विज्ञापन लगायत परम्परागत पद्धतीहरु जस्तै सडक शोहरु, ब्यानर, रेडियो र सवारी विज्ञापन आदिलाई कसरी चुस्त बनाउने भन्ने कुराहरु पनि पर्दछन् ।

हामी कुन पद्धतीमा हाम्रो सफलता मापन गर्ने भन्नेकुरा सुनिश्चित गर्नेछौं र हाम्रा उद्धेश्यहरु पुरा गर्नका लागि आवश्यक पर्ने बजेटको पनि मापन गर्नछौं ।

हामी जो कसैको पनि उमेर, लिंग, जातीयता, पृष्ठभुमी , हैसियतका बाबजुद सबैलाई स्वागत गर्नेमा प्रतिबद्ध छौं ।

हाम्रा भवनहरुलाई सबैका लागि सुरक्षित र पहुचपुर्ण बनाउन नयां बजार व्यवस्थापन रणनीति प्रयोग गर्नमा हामी केन्द्रित हुनेछौं ।

मानिसहरु हाम्रा केही वा सबै सेवाहरु लिनका लागि निर्धक्क हुने ठाउंहरुमा पनि हाम्रो ध्यान रहनेछ वा उनीहरु केवल केही फुर्सदको समय बिताउन मात्र भएपनि आउनेछन् ।

हामी , ग्राहक सर्भे सेवालाई परिष्कृत गर्दै, प्रयोगकर्ता र अप्रयोगकर्ताका फोकस समुहहरुको उपयोग , हालका सामुदायिक आवश्यकताका डाटाहरुको राम्रो उपयोग, ग्राहकका प्रतिकिया र गुनासोहरुमाथि हाम्रो जवाफ दिने तरीकामा सुधार र तपाईंले भन्नुभयो, हामीले गर्‍यौं बोर्डको शुरुवात गर्दै हाम्रो ग्राहक सहभागीतालाई सुधार गर्नेछौं र ग्राहकका लागि वचन पनि प्रकाशित गर्नेछौं ।

ग्राहकले हाम्रो सेवा अनलाइन, टेलिफोन वा भेटेर, जसरी लिन चाहे पनि सो सेवा उच्च गुणस्तरको हुने कुरा हामी सुनिश्चित गर्न चाहन्छौं । सान्दर्भिक रहनका लागि एलआरएले यसका ग्राहकहरुका बढ्दा आवश्यकताहरु तथा अपेक्षाहरु पुरा गर्ने तथा सबैजनालाई राम्रो अनुभुति गराउनका लागि आफ्ना सेवाहरुको विकास गर्नेछ ।

## हाम्रा ग्राहकहरुलाई सहभागी गराईराख्ने

हामी, हाम्रा ग्राहकहरुलाई हाम्रा सेवामा प्रतिकिया दिन प्रोत्साहित गरेर हामीसंग जोडिराख्ने तरीकामा सुधार ल्याउन कोशिस गर्नेछौं । हामी हाम्रा ग्राहकहरुसम्म पुग्ने नयां तरीकाको विकास गर्नेछौं, म्यानेजरसंग कुराकानी गर्ने सेसन राख्नेछौं र अनलाईन फोरमहरु पनि उपलब्ध गराउनेछौं जहां ग्राहकहरुले आफ्ना सुझाव दिन सक्नेछन् र हामीले कस्तो गरिरहेका छौं अनि कसरी सुधार गर्न सक्छौं भन्ने बारेमा बताउन सक्नेछन् । हामी हरेक सेवा केन्द्रमा बोर्डहरु राखेर ग्राहकहरुको प्रतिकियाले हाम्रो सेवालाई आकार दिन मद्धत पुर्‍याएको छ भन्ने कुरा बताउने उपयुक्त तरीकाहरु पत्ता लगाउनेछौं ।

कथा तथा कथा वाचन सबै एलआरए सेवाहरुको मृटुमा छ । हामी, हाम्रा पुस्तकालयहरुबाट भाडामा लिन सकिने हजारौं पुस्तकका पानाहरुमा रहेका गजबका

कथाहरुका माध्यमबाट केटाकेटी तथा युवायुवतीलाई जोड्नेछौं । पुस्तक पढ्ने कुराको महत्व र मजाको आनन्द लिन हामी अनेकथरी कार्यक्रमहरुको आयोजना गर्नेछौं ।

हामी हाम्रो संग्रह तथा स्थानीय इतिहास संकलनलाई सबैको पहुंचसम्म पुर्‍याउनेछौं र प्रचार पनि गर्नेछौं जसले विगत सयौं बर्षदेखि केन्ट जीवनको इतिहासका कथा बताउंदै आएको छ । हाम्रो प्रमुख लक्ष्य यसलाई डिजिटल प्रविधिमा ढालेर धेरैजना समक्ष पुर्‍याउनु हो जसबाट थप व्यक्तिहरुले यो समृद्ध तथा अलग संग्रहहरुको मजा लिन सक्नेछन् । हामी हाम्रो निशुल्क अनलाईन पुस्ता सेवाका माध्यमबाट मानिसहरुलाई हाम्रो एकदमै दक्ष र अनुभवी संग्रह टोलीको सल्लाह, सहयोग तथा जानकारीका माध्यमबाट उनीहरुका पुर्खाको इतिहास खोज्न सहयोग गर्नेछौं ।

हामी भावी सेवा प्रदान गर्नमा आउने चुनौंती र परिवर्तनहरुको सामना गर्न सक्षम एकदमै लचिलो र बलियो कर्मचारीको विकासमा प्रतिबद्ध छौं । यसलाई समर्थन गर्नका लागि कर्मचारी तालिमका लागि बर्षमा दुइ खास दिन कर्मचारी तालिमलाई छुट्याउने संभावनालाई हेर्नेछौं, जसका कारण सकेजति कर्मचारीहरुलाई संगै आएर सीप विकास गर्ने अवसर मिल्नेछ ।

हामी हाम्रो सेवामा ठुलो महत्व रहेका स्वयंसेवकहरुको नेटवर्क पनि विकास गर्नेछौं । स्वयंसेवकहरुले तलब लिएर काम गर्ने कामदारहरुको काम त गर्दैनन् तर उनीहरुले थप कामहरु गर्न तथा गतिविधिहरुमा सहयोग पुर्‍याउने काम गर्दछन् । उदाहरणका लागि स्वयंसेवकहरुले घरमैं पुस्तकालय सेवा प्रदान गर्ने, ग्राहकहरुलाई प्रविधिको प्रयोग तथा इन्टरनेट चलाउन मद्धत गर्ने, कार्यक्रमहरुमा सघाउने र स्थानीय इतिहास संग्रहको हेरचाह गर्नमा मद्धत पुर्‍याउंदछन् ।

## लक्ष्य २ : जनताको जीवनलाई समृद्ध बनाउने

ग्राहकका लागि सरोकार राख्ने नतीजा प्रदान गर्नमा ध्यान केन्द्रित गरेर हाम्रा सेवाहरुले सकारात्मक प्रभाव पार्नेछन् । हामीले गर्ने हरेक कार्यमा हामी हाम्रा ग्राहकहरुलाई ध्यानमा राख्नेछौं । हामी विकल्पहरु रोज्न दिनेछौं र हाम्रा सेवाहरुलाई फरक फरक तरीकाले प्रयोग गर्ने कुरामा व्यक्तिगत छनौंटको अधिकार दिनेछौं । हामी क्षमताको विकास र मानिसहरुको विकासका लागि आजीवन र पारिवारिक सीपको विकास गर्नेछौं । कोही पनि पछि नपरुन् भन्नेकुरा सुनिश्चित गर्नका लागि हामी डिजिटल प्रविधि र नयां प्रविधिहरुमा पहुंच पुर्‍याउनेछौं । स्थानीय अर्थतन्त्रलाई सहयोग गर्नका लागि हामी पेशा, व्यापार तथा रोजगारीका बारेमा सुचना तथा सल्लाह पनि प्रदान गर्दछौं ।

### यो किन महत्वपूर्ण छ

हाम्रो सेवा सान्दर्भिक र दीगो रहोस् भन्ने कुरा सुनिश्चित गर्नका लागि एलआरएले परिवर्तनशील आवश्यकता, विकल्प तथा मागहरुलाई आत्मसाथ गर्नुपर्ने आवश्यकता छ । जस्तै उदाहरणका लागि :

– प्रविधिमा भएको विकासका कारण सेवा ७ दिन २४ सै घन्टा अनलनइन उपलब्ध होस् र द्रुत होस् भन्ने अपेक्षालाई बढाएको छ ।

–हाम्रा सेवाहरुमा पहुंचका सम्बन्धमा मानिसहरुले धेरै विकल्पहरुको अपेक्षा गर्दछन् , एक तरीकाबाट यो संभव छैन । हामीले समुदायलाई सुहाउने हिसाबले आफ्नो सेवाको ढांचा तयार गर्नुपर्ने र उनीहरुका भनाइ सुन्नुपर्ने आवश्यकता छ । यसका अलाबा नयां तथा पुराना ग्राहकहरुका रोजाईलाई पनि ध्यानमा राख्नुपर्ने जरुरी छ ।

– पारिवारिक ढांचामा परिवर्तन, जस्तै उदाहरणका लागि हजुरबुवा हजुरआमाले केटाकेटीको रेखदेख गर्ने कुरामा वृद्धि

– द्रुत गतीमा बढिरहेको र प्रतिस्पर्धात्मक व्यापार बजार, हामीले कसरी व्यापारसंग सहभागीता जनाउन सक्छौं र हाम्रो कार्यलाई प्रचार गर्नसक्छौं भन्ने बारेमा पुन एकपटक सोच्ने अवसर हो ।

## हामीले यी लक्ष्यहरु कसरी प्राप्त गर्न सक्छौं

## दर्ता

हामी, केन्ट काउन्टी काउन्सिलका लागि जन्म, मृत्यु, विवाह, सामाजिक साझेदारी आदिको दर्ता सेवा प्रदान गर्ने कार्यलाई जारी राख्नेछौं । यो सेवा, पुर्ण रुपमा विश्वसनीय सेवाका रुपमा स्थापित छ जसले ग्राहकहरुलाई हाम्रो पुस्तकालय र अफिस नेटवर्कको माध्यमबाट जन्म तथा मृत्यु दर्ताको सेवाका लागि सबैभन्दा सहज स्थान छान्ने अवसर प्रदान गर्दछ ।

केन्ट विवाह तथा सामाजिक साझेदारीका लागि चर्चित स्थल हो जहां केन्टका आफ्नैं बासिन्दा तथा बाहिरका जोडीहरु पनि आकर्षित छन् । केन्टको आफ्नैं दर्ता अफिस तथा अनुमति प्राप्त व्यापारिक ठाउंहरुले, जोडीहरुलाई बजेट अनुसारको बृहत तथा फरक फरक ढांचा तथा आकारका ठाउंहरुको विकल्प प्रदान गर्दछ ।

नयां नागरिकहरुलाई बेलायतको हाम्रा दर्ता कार्यालयहरुमा उनीहरुका उपलब्धी तथा केन्टमा नयां जीवनका लागि स्वागत छ , नयां नागरिहकहरुले यी समारोहहरुको एकदमैं प्रशंसा गर्दछन् र सन्तुष्टिको दर ९३% रहेको छ । त्यसकारण हामी नयां नागरिकहरुलाई विकल्प, उपलब्धता र सजिलो पहुंच दिने कुरामा प्रतिबद्ध छौं ।

हामी कुनैंपनि परिवर्तित कानुन अनुसार ढल्नेछौं जस्तै उदाहरणका लागि सामाजिक साझेदारीमा हुनसक्ने परिवर्तनका हकमा ।

## सामुदायिक गतिविधिहरु

हामी हाम्रो सेवालाई स्थानीय समुदायहरुका लागि बढी केन्द्रित गर्नेछौं, जस्तै उदाहरणका लागि कुनैं वृद्धवृद्धाहरुलाई आकर्षित गर्ने गतिविधिहरु भएका ठाउंमा धेरै वृद्धवृद्धाहरु आउंछन् भने युवा युवतीहरु बढी भएका ठाउंमा वृद्धवृद्धाहरुको सहभागीता कम हुन्छ । हामी के कुरालाई निश्चित गर्नेछौं भने, हाम्रा गतिविधीहरु स्थानीय समुदायद्धारा निर्धारित हुनेछन् ।

हामी, मानिसहरुलाई स्वयंसेवाको अवसर उपलब्ध गराईरहनेछौं जुन केही दिन र संलग्न हुन तथा तलबी काममा फर्कने पहिलो चरणका रुपमा प्रयोग गरिनेछ ।

पारिवारिक सीप तथा जीवनभर सहयोग गर्ने कुरा पनि हाम्रो प्राथमिकतामा पर्दछ । जन्म दर्ताको एकदमैं शुरुको दिनदेखि नैं हामीले नयां परिवार तथा अविभावकहरुलाई एलआरए र अन्य सेवाहरुको दिशा देखाउनेछौं । हामी, केटाकेटी तथा युवायुवतीलाई शान्त तथा सुरक्षित वातावरणमा सिक्नका लागि थप अध्ययन ठाउंहरुको सृजना गर्नेछौं ।

## व्यवसायका लागि हाम्रो प्रस्ताव

हाम्रो केन्टका लाइब्रेरियनलाई सोध्नुहोस् (एकेएल) सेवाका माध्यमबाट हामी, यहांका व्यवसायहरुका लागि हाम्रो प्रस्ताव तयार गर्नेछौं र केन्टका स्थापित तथा नयां व्यवसायलाई सहयोग गर्ने कुरामा पुर्ण भुमिका खेल्नेछौं । हामी, स्थापित कम्पनी, संभावित व्यवसाय र नयां शुरु भएका व्यवसायहरुका लागि बृहत अनलाईन तरीकाहरु र सेवाहरुको विकास गर्नेछौं ।

हाम्रो व्यवसाय प्रस्ताव विस्तृत रुपमा प्रचार भैसकेको छैन त्यसैले हामी केसिसिका अन्य भागहरुसंग मिलेर काम गर्नेछौं ताकि व्यवसायहरुले एकै ठाउंमा सेवा पाउनेछन् र केसिसले समग्र रुपमा व्यवसायहरुलाई कसरी सहयोग गर्नसक्छ भन्ने कुराको स्पष्ट प्रस्ताव थाहा हुनेछ ।

## हाम्रो डिजिटल प्रस्तावको विकास

हामी, डेस्कटप कम्प्युटर र वाइफाईका माध्यमबाट हाम्रा पुस्तकालयहरुबाट निशुल्क सुचना प्रविधि आइटि सेवा उपलब्ध गराउने काम जारी राख्नेछौं । हाम्रा सुचना प्रविधि स्वयंसेवकको टोलीले मानिसहरुलाई सुचना प्रविधिको प्रयोग गर्न र अनलाइन हुनका लागि आवश्यक पहिलो कदममा सघाउनेछ ।

हामी हाम्रो टच अ न्यु वर्ल्ड ( घर पुस्तकालय सेवा प्रयोगकर्ताका लागि आइप्याडहरु भाडामा दिने) सेवालाई पुन शुरु तथा प्रचार गर्नेछौं । जसबाट मानिसहरुलाई हामीसंग आइप्याडहरु भाडामा लिन प्रोत्साहन मिल्नेछ र सो को प्रयोगमा सघाउन एकजना स्वयंसेवक पनि उपलब्ध हुनेछन् । हामी, हाम्रो सेवा परिवर्तनहरुसंग मेल खाओस् भन्ने कुरा सुनिश्चित गर्नका लागि विकास भैरहेका स्थापित प्रविधिलाई अघि बढाउनेछौं र मानिसहरुको इच्छा बमोजिम सुचना तथा सिकाइमा पहुंच दिनेछौं । यसको हिस्साका रुपमा, वाइफाई छापाको कार्यक्रमका बारेमा विचार गर्नेछौं जुन ग्राहकहरुले पहिले नैं रुचाईसकेका छन् ।

हामीले हाम्रो अनलाईन सेवालाई नयां अनलाइन पुस्तकालय र अनलाइन संग्रह्रमा विकास गर्नेछौं जसबाट तिनीहरुमा स्पष्ट र सहज पहुंच हुनेछ ।

हामी, आफुलाई केन्टबासीहरुका लागि व्रिवसनीय सुचना प्राप्त गर्ने ठाउंका रुपमा प्रचार गर्नेछौं ।

# बिषयगत अध्ययन

## सुचना सेवाहरु

एकजना व्यवसाय मालिकका रुपमा केटी, एकजना केन्ट लाइब्रेरियनलाई सोध्नुहोस् भन्ने व्यवसाय सेवाको प्रयोग गरेर आफुले कति समय बचाएकी छु भन्ने कुरालाई निकैं प्रशंसा गर्दछिन् । उनले, आफुले अनुरोध गरेको व्यवसायको सुची तुरुन्तै प्राप्त भएको र त्यसमा धेरै सान्दर्भिक सम्पर्कहरु भएको बताएकी छन् । " यस्तो किसिमको सुची तयार पार्न म आफैंलाई भए हप्तौं लाग्ने थियो ।"

# बिषयगत अध्ययन

## डिजिटल डेनहरु

अप्रिल २०१७ मा एलआरएले डिजिटल डेन परियोजनाहरुको खर्चका लागि सबैका लागि अवसर अनुदान ( एलओएफई) सफलतापुर्वक हात पार्‍यो । यस परियोजनाले ८ – ११ बर्ष उमेरका केटाकेटीका बेफाइदाहरुको सामना गर्ने उद्धेश्यका साथ पांचवटा डिजिटल क्लबहरु स्थापना गरेको छ । यो उनीहरुले साप्ताहिक क्लब सेसनहरुबाट प्राप्त गर्दछन् जसले थ्रिडि प्रिन्टरजस्ता प्रविधिहरुसम्म युवाहरुलाई पहुंच पुर्‍याउंछ ।

यी क्लबहरुले कोडिङ तथा तथ्य पत्ता लगाउने काम अनलाइनद्धारा गर्ने जस्ता डिजिटल सीपहरुको विकास मात्र नगरेर, समस्या समाधान, बिश्लेषणात्मक सोचाई, सृजनशीलताको विकास र समुहमा काम गर्ने जस्ता मुख्य सीपहरुको विकासमा पनि सहयोग पुर्‍याउंदछ ।

अगष्ट २०१७ मा पहिलो क्लब खुलेयता निम्न कामहरु भएका छन् :

– काउन्टीभर १०६ वटा डिजिटल डेन सेसनहरु

– मार्गरेटमा सम्पन्न गिक फेस्टिबल समेत गरेर क्लब सेसन, प्रचार कार्यक्रमहरु र बाह्‌य कार्यक्रमहरुमा १,६९१ हाजिरी दर्ता भएका छन् ।

– क्लबमा हाजीर भएका मध्ये ३०% भन्दा बढी भर्खरका केटीहरु छन् । हामी यसलाई अझै बढाउन र भर्खरका केटीहरुलाई विज्ञान, प्रविधि, इन्जिनियरिंग र गणित ( स्टेम) बिषयहरु पढ्ने कुरामा प्रोत्साहित गर्न काम गरिरहेका छौं ।

– सो परियोजनाले केन्ट पुस्तकालयहरुका लागि थप फाइदाहरु पनि भयो :

– हामीले माइको बिट फाउन्डेशनबाट १९० वटा माइको बिटहरु हात पार्न सफल भयौं जुन अहिले हरेक जिल्लाका केही पुस्तकालयहरुमा भाडामा लिनका लागि उपलब्ध छन् ।

– केन्टका पुस्तकालयहरुले हालै  एउटा विश्वव्यापी ब्रान्ड द रास्पबेरी फाउन्डेशनसंग ७–१७ बर्ष उमेरका व्यक्तिहरुका लागि एउटा नयां किसिमको क्लब – कोडरडोजोज क्यान्टरबरी, ग्रेभसेन्ड, राम्स्गेट, सेभेनोक्स् र टनब्रिजमा ल्याउनका लागि साझेदारी गरेका छन् ।  यस परियोजनाका लागि छनौंट भएका केबल दुई मात्र काउन्टीहरुमध्ये केन्ट एउटा हो ।

– यस्तै खालका क्लब/ गतिविधिहरु स्थापना गरिरहेका अन्य स्थानीय संघसंस्थाहरु र स्वयंसेवक समुहहरुले साझेदारी तथा एक आपसको प्रचारलाई अघि बढाउनका लागि तिनीहरुका स्थानीय डिजिटल डेनहरुलाई सम्पर्क गरेका छन् । स्वयंसेवक तथा कर्मचारी दुवैले साधारणतया प्रविधि प्रयोगमा आफु अझ विश्वस्त रहेको कुरा बताएका छन् ।

# लक्ष्य ३ : लचिलो तथा सम्पर्कसहितका समुदायहरु

हाम्रा सेवाहरु समुदायको एकदमैं केन्द्रमा रहनेछ , उनीहरुलाई लचिलो बनाउनेछ र सुरक्षित, सम्पर्कसहित र स्वतन्त्र बांच्नमा मद्धत गर्नेछ । हामी विभिन्न सामुदायिक समुह, संस्कृति र पुस्ताहरुलाई सम्पर्कमा ल्याउनेछौं । हामी केन्ट तथा केन्टका बासिन्दाको वर्तमान तथा विगत दुवै मनाउनेछौं । हामी नयां विचार र अनुभवहरुलाई जगाउनेछौं, स्वयंसेवाका अवसरहरु प्रदान गर्नेछौं र सांस्कृतिक, सीप तथा सामाजिक कार्यक्रमहरुमा पहुंच दिनेछौं । हामी हाम्रा भवनहरुलाई पुर्ण रुपमा उपयोग गर्नेछौं र ती भवनहरु स्वागतपुर्ण र सहज पहुंचका छन् भन्ने कुरालाई सुनिश्चित गर्नेछौं । हामी मानिसहरुलाई शान्त र चिन्तनशील बनाउनका लागि वा उनीहरुको मनमा आफ्नोपन जागृत गर्दै विभिन्न कार्यक्रम तथा गतिविधिहरुमा सहभागी गराउनका लागि उनीहरुलाई ठाउंहरुको व्यवस्था गर्नेछौं ।

### यो किन महत्वपुर्ण छ ?

केन्ट, नयां बनिरहेको समुदाय, बढ्दो वृद्धवृद्धाको जनसंख्या र नियमित डिजिटल परिवर्तनसंगै परिवर्तन र विकास भैरहनेछ । एलआरए सेवाहरुले पनि यी परिवर्तनहरुसंग आफुलाई ढाल्न आफुलाई बदल्नु पर्दछ र स्थानीय समुदायहरुलाई सहयोग गर्नमा आफुले महत्वपुर्ण भुमिका खेलेको कुरा सुनिश्चित गराउनु पर्दछ । जस्तै उदाहरणका लागि :

–मानिसहरुलाई सुरक्षित, स्वागतपुर्ण भवनहरुमा भित्रयाउने जहां सबैजना आउन सक्दछन्।

– मानिसहरुलाई सहभागी गर्न र जगाउन, सामुदायिक एकताको विकास गर्न र मानिसहरुलाई सम्पर्कमा राख्न विभिन्न थरीका कार्यक्रम तथा गतिविधिहरु प्रदान गर्ने ।

– मानिसहरुलाई स्वतन्त्र तथा स्वस्थ जीवन बिताउन आवश्यक पर्ने जानकारी प्राप्त गर्न सघाउने ।

हामी हाम्रा पुस्तकालय तथा अन्य सामुदायिक भवनको सबभन्दा राम्रो उपयोग गराउनका लागि केसिसिका अन्य भागहरु र बाह्य साझेदारहरुसंग मिलेर काम गर्नेछौं । हामी सामुदायिक सेवाहरुलाई एउटै छानामुनी ल्याउने , सेवाहरु भिन्न तरीकाले प्रदान गर्ने र साझेदारीमा काम गर्ने अवसरहरुका बारेमा विचार गर्नेछौं । उदाहरणका लागि हामी, टनब्रिज वेल्सको नयां संस्कृति तथा सीप स्थलमा टनब्रिज वेल्स काउन्सिलको प्रौढ शिक्षा र गेटवेसंग मिलेर काम गरिरहेका छौं । हामीले, डार्टफोर्ड, स्वानली र फ्याभरसाम पुस्तकालयहरुमा प्रौढ सामाजिक हेरचाह गुड डे कार्यक्रम सेवा संयुक्त रुपमा गरिरहेका छौं । हामी एलआरएलाई केसिसि र यसका सेवाहरुको प्रचार तथा मानिसहरुलाई आवश्यक पर्ने सेवाका बारेमा जानकारी तथा निर्देशन गर्ने भुमिकामा विकसित गर्न चाहन्छौं ।

हामी हाम्रा स्थलहरुलाई पहुंचपुर्ण, लचकदार र धेरै हिसाबले उपयोगी बनाउन चाहन्छौं जस्तै शान्त अध्ययन क्षेत्र र गतिविधि तथा कार्यक्रमहरुका लागि ठाउं । साना भवनहरु जहां यो त्यति सजिलो छैन, त्यहां हामी हाम्रा गतिविधिहरु होशियारीपुर्वक व्यस्थापन गर्नेछौं जसबाट मानिसहरुलाई गतिविधिहरु हुने दिन र समय थाहा होस् । किताबहरु खोज्ने र पढ्ने जस्ता शान्तीपुर्ण गतिविधिका लागि पनि समय उपलब्ध हुने कुरा हामी निश्चित गर्नेछौं ।

हामी हरेक व्यक्तिलाई उसको उमेर, लिंग, जात, क्षमता र परिस्थिति नहेरी स्वागत गर्ने कुरामा प्रतिबद्ध छौं । एकिकृत समुदाय विकासका लागि हामी स्वयंसेवाका अवसरहरु प्रदान गर्नेछौं । बैंक तथा पोष्ट अफिसहरुले आफ्ना शाखाहरु बन्द गरिरहेको अवस्थामा हामी संभव भएसम्म हाम्रा भवनहरुबाट ग्राहकहरुलाई सेवा दिन ठाउं उपलब्ध गराउनेछौं ।

हामी हाम्रो संग्रह सेवाको निरन्तर विकास गर्नेछौं र राष्ट्रिय संग्रह स्तरको वर्तमान गुणस्तरको उपलब्धीलाई कायम राख्नेछौं । गुणस्तर युकेको एउटा स्तर हो जसले संग्रह सेवा दिनेहरुको सबै क्षेत्रको सेवास्तरलाई निर्धारण गर्दछ । यसलाई ध्यानमा राख्दै हामी

भावी संग्रहहरुलाई परम्परागत कागज संग्रहमा भन्दा पनि काउन्टीले शुरु गरेको डिजिटल फर्म्याटमा राख्नेछौं । काउन्टीभर नैं सामाग्रीहरु सजिलै प्राप्त होउन् भन्नका लागि हामी हाम्रा संग्रहहरुलाई डिजिटल बनाउने काम जारी राख्नेछौं ।

## बिषयगत अध्ययन

## टर्नर पुरस्कार केन्टतर्फ २०१९

मार्गरेटमा हुन लागेको टर्नर पुरस्कार २०१९ का लागि टर्नर कन्टेम्पोरेरीको वर्तमान आकांक्षा के छ भने केन्टका सकेजति जनताले सो पुरस्कारको अनुभव गर्न पाउन् । र यो केही हदसम्म हाम्रो पुस्तकालय नेटवर्कका माध्यमबाट कसरी पुरा हुनसक्छ भन्ने बारेमा छलफलहरु भैरहेका छन् । हामी, टर्नर कन्टेम्पोरेरीले कसरी हाम्रो बार्षिक समर रिडिङ च्यालेन्जलाई सहयोग गर्न सक्छ र त्यसलाई टर्नर पुरस्कारसंग पनि जोड्न सकिन्छ भन्ने बारेमा पनि सोचाई बनाईरहेका छौं ।

राष्ट्रिय तस्वीर ग्यालरीको कमिङ होम भन्ने अर्को परियोजनाले पनि उनीहरुका बिषयसंग नजिकको सम्बन्ध भएका नगर तथा शहरहरुमा चित्रकलाहरु पठाउने भएको छ । सन् २००२ मा सृजना गरिएको ट्रेसी एमिनको ब्रोन्ज डेथ मास्क जसलाई राष्ट्रिय चित्र ग्यालरीले सन् २०१७ मा लिएको थियो, त्यो अब आफ्नो कला स्टुडियोलाई सार्ने कलाकारको निर्णय र टर्नर कन्टेम्पोरेरीको साझेदारीमा केन्टको मार्गरेट पुस्तकालयमा प्रदर्शनीमा राखिनेछ । यी सबै हामी कसरी हाम्रा सांस्कृतिक प्रस्तावहरुको विकास गरिरहेका छौं भन्ने कुराका उदाहरणहरु हुन् र हाम्रो रणनीतिको एक हिस्साका रुपमा हामी यसको विकासलाई जारी राख्नेछौं ।

हामी हाम्रो सांस्कृतिक प्रस्तावलाई टर्नर कन्टेम्पोरेरी, केन्ट विश्वविद्यालय र केसिसिका सांस्कृतिक तथा सृजनात्मक साथीहरुसंग साझेदारीमा काम गरेर विकास गरिरहनेछौं । हामी प्रौढ शिक्षाजस्ता अन्य सेवाहरुसंग साझेदारीमा काम गर्ने अवसरहरुलाई अधिकतम स्तरमा पुर्याउनेछौं र विविध सीप तथा सृजनात्मक अनुभवहरु प्रदान गर्नेछौं ।

हामी, स्थानीय बासिन्दाहरुको चाहना तथा आवश्यकता बमोजिम मानिसहरुलाई एकै ठाउंमा ल्याउनका लागि विविध सांस्कृतिक, सिप तथा सामाजिक कार्यक्रमहरुका लागि ठाउं उपलब्ध गराउनेछौं । हामी हाम्रा पुस्तकालय तथा दर्ता अफिसहरुलाई संभावित ठाउंका रुपमा प्रयोग गर्न राम्रो र व्यापक प्रचार गरेर व्यापारिक तथा सामुदायिक प्रयोगमा लगाउनेछौं । बिशेषत सिमित विकल्पहरु भएका समुदायहरुका लागि हामी सामुदायिक कार्यक्रमहरु दिने, प्रचार गर्ने र संचालन गर्ने थप अवसरहरुको खोजी गर्नेछौ ।

# बिषयगत अध्ययन

## चेरिटन लाइब्रेरीमा नेपाली समुदायको संलग्नता

करीब २,००० नेपालीहरु रहेको चेरिटन देशकै सबभन्दा धेरै नेपाली समुदायमध्येको एक हो । सन् २००० मा नजिकैको शर्नक्लिफ ग्यारिशनमा रोयल गोर्खा राइफल रेजिमेन्ट आएदेखि यो सक्रिय तथा जोशपुर्ण समुदायको वृद्धि भएको हो । सेनामा काम गर्ने महिला तथा पुरुषहरु उनीहरुका परिवार सहित स्थानीय क्षेत्रमा स्थापित भएका छन् र केही त सेनामा आफ्नो जागीर सकिईसकेपछि पनि बसिरहेका छन् ।

नेपाली समुदाय, स्थानीय समुदायसंग घुलमील हुंदै आफ्नो समृद्ध सम्पदा र संस्कृति कायम राख्नमा एकदमै इच्छुक छ । उनीहरु सबैका लागि कार्यक्रम तथा गतिविधिहरु संचालन गरेर फोल्क्स्टोन क्षेत्रमा आफ्ना मान्यता तथा संस्कृति अरुसंग बांड्न इच्छुक छन् ।

हामी चेरिटन पुस्तकालयमा नेपाली भाषामा अनेकन पुस्तकहरु उपलब्ध गराउंदछौं र हामी नेपाली जनसंख्यालाई सहयोग गर्नमा काम गरिरहेका छौं । उदाहरणका लागि पाको उमेरका नेपालीहरुको समुहले पुस्तकालयमा भेट्ने गर्दछ र हरेक सेसनमा २० –३० जनाको सहभागीता रहने गरेको छ ।

यस समुहले सक्रिय रुपमा हाम्रो बार्षिक म्याकमिलन कफी मर्निङ लगायत पुस्तकालयका अन्य गतिविधिहरुलाई सक्रिय सहयोग उपलब्ध गराउंदछ र हालै यसले भेटेर अंग्रेजी प्राक्टिश गर्नुहोस् भन्ने समुहको प्रचार गरेको छ । हाम्रा स्थानीय कर्मचारीहरुले यो समुह संग एकदमैं राम्रो सम्बन्ध बनाएको छ र हरेक बर्ष उनीहरुलाई दशैं कार्यक्रममा बिशेष अतिथिको रुपमा निम्त्याउने गरिएको छ ।

# लक्ष्य ४ : दीगो तथा सृजनशील

स्थानीय सरकाका लागि यो एउटा अभुतपुर्व आर्थिक दबाबको समय हो भन्ने थाहा पाउंदा पाउंदै पनि हामी पुस्तकालय दर्ता र संग्रह सेवाको भविष्यका लागि केसिसिको दिर्घकालीन र दीगो प्रतिबद्धता बमोजिम काम गर्नेछौं । यी चुनौंतीहरुको सामना गर्नका लागि एलआरएले लचकदार, सुजनशील र दीगो सेवाहरु प्रदान गर्नेछ । हाम्रा मुख्य निशुल्क सेवाहरु बाहेक हामी हाम्रा साधन स्रोतहरुलाई पैसाको तुलनामा धेरै राम्रो र व्यापारिक बनाउनेछौं र आय आर्जनका लागि अवसरहरु लिनेछौं । हामी आफुलाई सान्दर्भिक बनाउन तथा ग्राहक तथा समुदायहरुको परिवर्तित आवश्यकतालाई पुरा गरेको कुरालाई सुनिश्चित गर्न हामी विकास तथा लहरसंग चल्नेछौं ।

**यो किन महत्वपुर्ण छ ?**

सबै केसिसि सेवाहरुले वर्तमान आर्थिक चुनौंतीहरुको सामना गर्दै सेवाहरु प्रदान गर्ने उनीहरुको अनिवार्य कर्तव्यहरु पनि पुरा गर्नुपर्नेछ। एलआरए सेवाहरुले केन्टका जनताको आवश्यकता र चाहना बमोजिम सेवाहरु प्रदान गरेको कुरालाई सुनिश्चित गर्न त्यसै अनुरुप विकसित हुनुपर्ने जरुरी छ । सबैभन्दा राम्रो नतीजा प्राप्तीका लागि र हाम्रा सेवाहरुले सबभन्दा राम्रो सेवा दिईरहेको छ भन्ने कुरालाई सुनिश्चित गर्नका लागि एलआरएले निम्न कुराहरु गर्नु पर्दछ :

– केन्टका मानिसहरुलाई के कुराको आवश्यकता छ भन्ने कुरा राम्रोसंग बुझ्ने

– हाम्रो सेवालाई आधुनिक र सान्दर्भिक बनाउनका लागि नयां तरीकाहरु सृजना गर्ने र परीक्षण गर्ने

– राष्ट्रिय विकासहरु र नयांपनसंग परिचित हुने र राम्रो कामको अनुशरण गर्ने

– सेवा प्रदान गर्नका लागि राम्रो संयुक्त तरीका विकास गर्न अन्य सेवा प्रदानकर्ताहरुसंग साझेदारीमा काम गर्ने

हामी हाम्रो सेवा विकास गर्नका लागि प्रविधिको प्रयोग गर्दछौं । हामी प्रमाणित प्रणालीहरुबाट फाईदा लिनेछौं र राष्ट्रिय सफलताहरुबाट सिक्नेछौं । सार्वजनिक वाईफाई बढी प्रयोग गर्ने र डेस्कटप कम्प्युटरहरुको प्रयोग कम गर्ने ग्राहकहरुको बानीले हामीलाई हरेक स्थलमा सार्वजनिक कम्प्टरहरुको संख्या पुनरावलोकन गर्न मद्धत पुर्‍याउनेछ ।

डिजिटल डेन परियोजनाको सफलताले, विकास भैरहेका प्रविधिहरुसंग संलग्न हुनमा युवायुवतीहरुको रुची देखाएको छ । हामीले के पनि देखेका छौं भने अन्य स्थानीय सरकारहरुले सबै उमेरका लागि प्रविधिसंग सम्बन्धित समुह अर्थात् मेकरस्पेस बनाएका

छन् । मेकरस्पेश भनेको, निर्माण गर्न, सिक्न र विस्तार गर्नका लागि गरिने संयुक्त कार्यशाला हो । यी ठाउंहरु ठुला साना सबैका लागि खुल्ला छ र त्यसमा बनाउने सामानहरु जस्तै थ्रिडि प्रिन्टरहरु, लेजर कटरहरु र सिलाउने मेशिनहरु समेत हुन्छन् । हाम्रा डिजिटल डोनको हाम्रो सफलतालाई कायम राख्दै हामी स्थायी मेकरस्पेश बनाउने प्रस्ताव राख्छौं र बृहत ग्राहकहरु समक्ष यसलाई प्रचार गर्ने अवसर पनि लिनेछौं ।

हामी हाम्रो व्यापारिक तरीकाको पनि विकास गर्नेछौं र एलआरए लाई दिगो सेवाको रुपमा कायम राख्न मद्धत पुर्‍याउन आय बढाउने अवसरहरु पनि खोज्नेछौं ।

हामी हाम्रो शुल्क तथा जरीवानालाई बार्षिक रुपमा समीक्षा गर्नेछौं र उपयुक्त भएका ठाउंमा परिवर्तन पनि गर्नेछौं । हाम्रो नयां केन्टको थिम रहेको व्यापार एकमदै चर्चित भएको छ र आय बढाउनका लागि हामीहरु नयां लाईनहरु राख्ने योजनामा छौं । आर्ट काउन्सिल इंग्ल्यान्डले नेशनल पोर्टफोलियो दर्जा प्राप्त गर्ने कार्यमा संघसंस्थाहरुलाई अवसर प्रदान गर्दछ । एलआरएले के कुरालाई ध्यानमा राख्नेछ भने यो अवसरले हाम्रो सांस्कृतिक अवसरहरुको वृद्धि गर्नेछ । नेशनल पोर्टफोलियो दर्जाले सांस्कृतिक कार्यक्रम तथा गतिविधिहरुका सेवामा थप कोष वृद्धिका लागि अवसरहरु प्रदान गर्नेछ ।

हामी हाम्रा सेवाहरुका लागि माग तथा आवश्यकतालाई बुझ्न र केन्टका बासिन्दाहरुलाई सबभन्दा राम्रो नतिजा प्रदान गर्न हाम्रा स्रोत साधनहरु केन्द्रित छन् भन्ने कुरालाई सुनिश्चित गर्न तथ्यांक तथा प्रमाणहरुको प्रयोग गर्नेछौं । यस्तो तरीकाको हालैको उदाहरणहरुमा, मोबाइल पुस्तकालय सेवा र संग्रह खोजी रुमको पुनरावलोकन पर्दछन् । प्रयोग भएका डाटाको अनुसन्धान गरेर हामी कति व्यक्तिहरुले कहिले हाम्रा सेवाहरुको उपयोग गरे भन्ने कुरा थाहा पाउन सक्छौं । यसले हामीलाई हाम्रो मोबाइल पुस्तकालयको मार्ग र शर्च रुम खुल्ने समयमा प्रमाण सहितका प्रस्तावहरु अघि बढाउन मद्धत गर्नेछ ।

हाम्रा सेवाहरु , मानिसहरुले चाहेका बेलामा , प्रभावकारी र खर्चको तुलनामा मुल्यवान छन् भन्ने कुरालाई सुनिश्चित गर्नका लागि हामी प्रमाण सहितको तरीका प्रयोग गर्ने कार्य जारी राख्नेछौं ।

लाइब्रेरीमा पिसिको प्रयोग ( ४६७,२०० घन्टा) **५.३% ले कमी** तर वाइफाई सेसनहरु ( ११५,८४८) **१८% वृद्धि**

# बिषयगत अध्ययन

## लाईब्रेरी एक्स्ट्रा परीक्षण

लाईब्ररी एक्स्ट्रा एउटा नयां योजना हो जुन हामीले तीनवटा पुस्तकालयहरुमा परीक्षण गरिरहेका छौं । यस परीयोजनाले ग्राहकहरुलाई सहयोग सहितको प्रवेश प्रविधिको प्रयोगबाट पुस्तकालय खुल्ने समय भन्दा बाहिर पुस्तकालयमा पहुंच दिन्छ । यो केन्टमा पहिलोपटक गरिएको परीक्षण हो तर यो परीक्षण गरिसकिएको प्रविधि हो र अन्य पुस्तकालयहरु जस्तै नर्फोक, पिटरबरो, ब्राईटन र मिल्टन किन्स्मा राम्रोसंग स्थापित भैसकेको प्रविधि हो ।

लाईब्रेरी एक्स्ट्राका माध्यमबाट ग्राहकरु कर्मचारीहरु नभएका बेलामा पनि एउटा बिशेष खालको कार्डबाट ढोका खुल्ने प्रणालीको प्रयोग गरेर पुस्तकालयमा प्रवेश गर्न सक्दछन् । लाईब्रेरी एक्स्ट्रा प्रणालीले बत्तीहरु, सिसिटिभि, अलार्म र पिए प्रणालीलाई नियन्त्रण गर्दछ जसले सुरक्षालाई बढाउंदछ । ग्राहकहरु जसले लाईब्रेरी एक्स्ट्राका लागि दर्ता गराएका छन् उनीहरुले किताबहरु भाडामा लिन र फिर्ता गर्न, शुल्क तिर्न र सार्वजनिक डेस्कटप कम्प्युटर र वाईफाई प्रयोग गर्न सेल्फ सर्भिस मेशिनको प्रयोग गर्न सक्दछन् । पुस्तकालय थप समय खुलेका बेलामा सामुदायीक समुहहरु जस्तै रिडिङ ग्रुप र स्थानीय इतिहास ग्रुपले भेटघाट समेत गर्न सक्नेछन् ।

लाईब्रेरी एक्स्ट्राको परीक्षण गरिरहेका तीनवटा पुस्तकालयहरु :

– प्रमुख ठाउंमा रहेको एउटा ठुलो टाउन सेन्टर पुस्तकालय डिल पुस्तकालय

– स्थानीय पसल नजिकै रहेको सानो भिलेज पुस्तकालय, हाइएम पुस्तकालय

– रेल स्टेशन नजिकै रहेको टाउन सेन्टरको सानो पुस्तकालय, प्याडक वुड पुस्तकालय

लाईब्रेरी एक्स्ट्रा परिक्षणले प्रविधिको सहयोग समेतको थप खोल्ने समय परीक्षण र मुल्यांकन गर्ने अवसर प्रदान गर्दछ । यसले हामीलाई भावी सेवा योजनाको जानकारी दिनका लागि आधार पनि प्रदान गर्दछ जस्तै उदाहरणका लागि यदि हालका ग्राहकहरुका बीचमा लाईब्रेरी एक्स्ट्रा कार्यक्रम चर्चित भयो भने नयां ग्राहकहरुसम्म पुग्ने र सबभन्दा उपयुक्त समयको प्रयोग गरिनेछ ।

# बिषयगत अध्ययन

## संग्रहलाई प्रविधिमा ढाल्ने परियोजना

हाम्रो उद्धेश्य, केन्टमा बस्ने हरेक व्यक्तिलाई हाम्रो संग्रह संकलनमा पहुंच पुर्‍याउनमा सुधार गर्ने, स्थानीय बासिन्दा तथा समुदायको अध्ययनमा सहयोग पुर्‍याउने सामाग्रीहरुमा सहज पहुंच पुर्‍याउने रहेको छ ।

सन् २०१५ मा हामीले चर्च अफ इंग्ल्यान्ड पेरिशेसलाई उनीहरुको सन् १९१८ देखि यताकै ब्याप्टिजम, विवाह घोषणा, विवाह र मृत्यु संस्कारलाई प्रविधिमा ढालेर क्यान्टरबरी र रोचेष्टर जिल्लामा सार्नका लागि अनुमती दिन्छन् कि भनेर सोधेका थियौं । करीब सबैले हुन्छ भने । त्यो एउटा सबैभन्दा ठुलो परियोजना थियो , केन्टको पहिलो संग्रहालय सेवा ।

सन् २०१७ मा हामीले फाइन्डमाइपाष्ट संग यो एकदमै उत्साहजनक र ठुलो परियोजनालाई अगाडि बढाउनका लागि साझेदारी गर्यौ । सन् २०१८ मे सम्ममा हामीले हाम्रो योजना भन्दा धेरै अघि बढेर संभावित २,६०० जनाको १,३०० लाई प्रविधिमा ढाली सकेका छौं । हामी हाल प्यारिशमा बाहिर रहेका प्यारिश दर्ता लगायतका थप सामाग्रीहरुलाई परियोजनामा समावेश गराउन तिनको पहिचान गरिरहेका छौं । लाइभमा जाने मिति २०१९ का लागि तय भैसकेको छ । प्यारिश दर्ताहरुलाई डिजिटल प्रविधिमा ढालेर हामीले ती दस्तावेजहरुमा मानिसहरुको पहुंचलाई बढाउनेछौं र आम्दानी भित्रयाउनेछौं । डिजिटल प्रविधिमा सामाग्रीहरु संग्रह गर्नाले हामीले तस्वीरहरु संकलन गर्न पाउनेछौं र बर्षौसम्म पनि स्रोत साधन उपलब्ध गराउन सक्नेछौं ।

## केन्ट पुस्तकालयमा पुस्तक मिलाएर राख्ने परियोजना र खुल्ने समयको समीक्षा

केसिसि ९९ वटा पुस्तकालयहरुको सेवा प्रदान गरिरहेकोमा गौरवान्वित छ र हामी यो सेवा जारी राख्नेछौं ।

हालैका बर्षहरुमा हामीले हाम्रो मोबाईल पुस्तकालय सेवा र खुल्ने समयको केही पुस्तकालयमा समीक्षा गरेका छौं। तरपनि धेरै बर्षसम्म हामीले वर्तमान ग्राहकका माग तथा सेवा उपयोग बमोजिम भएको छ कि छैन भनेर हाम्रा सबै पुस्तकालयहरुमा खुल्ने समयको समीक्षा गरेका छैनौं ।

अहिले हामीले हामीलाई हरेक पुस्तकालयको स्पष्ट, हालसम्मको तस्वीर दिनेगरी एउटा विस्तृत समीक्षा गरेका छौं । कर्मचारीहरुले दिएका तथ्यांक तथा प्रतिक्रियाले के देखाएको

छ भने हाम्रा पुस्तकालयहरुको खोल्ने समयले वर्तमान मागलाई पुरा गरेको छैन । हामीले दिने सेवा प्रभावकारी तथा कुशल हुनु एकदमै महत्वपुर्ण छ । ग्राहकहरुले धेरै प्रयोग नगर्ने समयमा खुल्नु भनेको हामीले जनताले तिरेको करको प्रयोग राम्रोसंग नगर्नु हो । देशभरमा गत आर्थिक बर्षमा पुस्तकालयमा जानेहरुको संख्या ४.२% ले घटेको थियो र हामीलाई के थाहा छ भने, पुस्तकालय खोल्ने समयमा हाम्रो प्रयोग फरक फरक हिसाबले हुने गर्दछ । उदाहरणका लागि यसबर्षको अगष्टमा :

– हाम्रो सबभन्दा व्यस्त समय बिहान १०– १२ को समय रह्यो जुन सेवा प्रयोगको २९.४% हो ।

– हाम्रो एकदमैं कम व्यस्त समय सांझ ५– ८ बजेको समय रह्यो जुन सेवा प्रयोगको ४.९% हो ।

हाम्रो समीक्षाको आधारमा हामी समग्रमा पुस्तकालय खुल्ने समयलाई २०% ले घटाउने प्रस्ताव राख्दछौं । हामीले पुस्तक मिलाएर राख्ने तरीका विकास गर्नका लागि तथ्यांक तथा प्रमाणको प्रयोग गरेका छौं , जसले हरेक पुस्तकालयको माग तथा प्रयोगलाई ख्याल गर्दछ । यस परियोजनाले हामीले हाम्रा स्रोत साधनको उत्तम प्रयोग गरेको कुरालाई सुनिश्चित गराउंदछ र केसिसिका लागि झन्डै १० लाख पाउन्ड रकम बचत गर्नेछ ।

यदि यो प्रस्ताव अघि बढ्यो भने यसको मतलब हामीले हाम्रा पुस्तकालयहरुमा रोजगारी दिईरहेका कर्मचारीहरु घटाउनु हुनेछ । यो विभिन्न तरीकाबाट गर्न सकिनेछ जस्तै कुनैपनि पद खाली हुंदा कसैलाई पनि भर्ना नगर्ने, चांडो अवकाश दिने वा कर्मचारीहरुलाई पदमुक्त गर्ने आदि । हामी तथा पुस्तकालयमा सहयोग गर्ने जनता दुवैबाट उच्च मुल्यांकन गरिएका तथा सम्मानित कर्मचारीहरुलाई यसको असर नपरोस् भन्नका लागि हामी सकेको प्रयास गर्नेछौं ।

टायरिङ मोडेल भनेको स्रोत साधनहरुलाई राम्रोसंग प्रदान गर्नका लागि पुस्तकालयहरुलाई समुहमा विभाजन गर्ने एउटा तरीका हो । यसले केन्टभर नैं एकरुपता दिनेछ किनकी हरेक पुस्तकालयलाई एउटा नियम दिईनेछ जस बमोजिम एकै संख्याको खुल्ने समय रहनेछ । हामीले पांचवटा टायरलाई अघि बढाउने निर्णय गरेका छौं र तल उल्लेखित मापदण्डलाई प्राथमिकताको सुचीमा राखेर कुन पुस्तकालय कुन टियरभित्र पर्छ भनेर निर्णय लिएका छौं ।

## मापदण्ड १– प्रति घण्टा भ्रमण

भ्रमण पुस्तकालय प्रयोग थाहा पाउने मुख्य माध्यम हो किनकी यसले पुस्तक भाडामा लिएका वा सार्वजनिक कम्प्युटर प्रयोग गरेका ग्राहकहरुको मात्र नभै पुस्तकालयमा आउने प्रत्येक व्यक्तिको रेकर्ड गर्दछ ।

हामीले प्रति घण्टा भन्ने शब्द प्रयोग गरेका छौं किनकी यसले पुस्तकालयहरु जति घण्टा खुलेका भएपनि हाम्रो पुस्तकालयको मुल्यांकन गर्ने निष्पक्ष तरीका हो ।

## मापदण्ड २ – प्रति घण्टा

पुस्तकहरु, डिभिडि र अडियो किताबहरुमा पहुंच दिने हाम्रो प्रमुख भुमिका हामीले पहिचान गर्नुपर्ने कुरा महत्वपुर्ण छ ।

फेरि पनि, हामीले प्रति घण्टा भन्ने शब्द प्रयोग गरेका छौं किनकी यसले पुस्तकालयहरु जति घण्टा खुलेका भएपनि हाम्रो पुस्तकालयको मुल्यांकन गर्ने निष्पक्ष तरीका हो ।

## मापदण्ड ३ – % अलग किसिमका प्रयोगकर्ताहरु

कहिंकहिं यस्ता खालका पुस्तकालयहरु छन् जहां धेरै ग्राहकहरुले त्यही मात्र पुस्तकालयको प्रयोग गर्दछन् भने अन्य ठाउंमा ग्राहकहरुले एकभन्दा बढी पुस्तकालयको प्रयोग गर्दछन् । यस मापदण्डले एकमात्र पुस्तकालय प्रयोग गर्ने ग्राहकहरुलाई समेट्दछ ।

## मापदण्ड ४ – % सार्वजनिक कम्प्युटरको प्रयोग

आइटि ( सुचना प्रविधि) को प्रयोग आधुनिक सेवाको एउटा महत्वपुर्ण हिस्सा हो र हामीले यसलाई पनि समाहित गर्न चाहेका हौं ।

## मापदण्ड ५ – % कार्यक्रमहरुमा भाग लिने ग्राहकहरु

कार्यक्रम तथा गतिविधिहरु आधुनिक पुस्तकालय सेवाका अर्का महत्वपुर्ण भाग हुन् ।

## भवनको आकार

कहिलेकाहिं पुस्तकालय भवनको आकारले पनि हामीले प्रदान गर्ने सुविधा तथा स्टक र त्यहां हुनसक्ने गतिविधि तथा कार्यक्रमहरुका संख्या र प्रकारलाई केही हदसम्म प्रभाव पार्दछ ।

यो तथ्यांकले मानिसहरुले कसरी आधुनिक पुस्तकालय सेवा प्रयोग गरिरहेका छन् भन्ने कुराको मुल्यांकन गर्न प्रभावकारी मापदण्ड प्रदान गर्दछ । हाम्रा ९९ पुस्तकालयले दिएको सेवा, मोबाईल पुस्तकालयहरु, बाह्य तथा अनलाईन सेवाहरुले हामीले केन्टभर नैं सहज

रुपमा सेवा प्रदान गरिरहेका छौं भन्ने कुरा बताउंदछन् । त्यसकारण हामी आवश्यकता मापदण्डलाई समावेश नगर्ने प्रस्ताव गर्दैछौं (उदाहरणका लागि अभाव)

हरेक पुस्तकालयले हरेक मापदण्डका हकमा कस्तो गरिरहेका छन् भन्ने कुरा हेर्न चाहनुहुन्छ भने कृपया kent.gov.uk/lrastrategy मा जानुहोस् वा स्थानीय पुस्तकालयमा सोध्नुहोस् ।

टायरिङ मोडेलले हरेक हप्ता पुस्तकालय खुल्ने समयलाई तय गर्दछ तर खुल्ने समयको ढांचालाई तय गर्ने छैन । यदि यो सरसल्लाहपछि यो मोडेल लागु गर्ने निर्णय भयो भने हामी स्थानीय मानिसहरुसंग मिलेर पुस्तकालय खोल्ने समयले कसरी स्थानीय आवश्यकतालाई पुरा गर्नेछ भन्ने कुरा तय गर्नेछौं ।

यो प्रस्तावको मतलब के हो भने सोमबारदेखि शुक्रबार पुस्तकालय आउन नसक्नेहरुका लागि शनिबार पुस्तकालयमा पहुंच दिईनेछ ।

हामी हाम्रा पुस्तकालयहरुको प्रयोग कसरी भैरहेको छ भन्ने कुराको मुल्यांकन हरेक दुई बर्षमा गर्ने प्रस्ताव राख्दछौं , यसको मतलब केही पुस्तकालयहरु, तिनीहरुको प्रयोगका आधारमा टायरको बीचमा सर्नेछन् ।

५ वटा टायरहरु र प्रत्येक टायरमा के समावेश छ भन्ने कुराका बारेमा विस्तृतमा तल उल्लेख गरिएको छ :

– टाउन प्लस

**लाईब्रेरी स्थल** एकदमै ठुलो र धेरै जनसंख्या भएको टाउनमा अवस्थित

**पुस्तकालय भवन :** ठुलो भवन सामान्यत अन्य साझेदार सेवाहरुसंगै रहेको

**कर्मचारी भएका बेला साप्ताहिक खुल्ने समय** ४२

**उपलब्ध स्टक** : युवा तथा बालबालिकाका लागि ठुलो संख्यामा उपन्यास, गैर उपन्यास पुस्तकहरु, डिभिडिहरु भाडामा लिनका लागी उपलब्ध । स्थानीय इतिहास संकलन ।

**निम्न सुविधाहरुः**

– सार्वजनिक पिसि र वाईफाईमा पहुंच

– सुचना र विद्युतीय स्रोत साधनमा पहुंच

– गृष्मकालीन रिडिङ प्रतियोगिता

– गीत गाउने र कुराकानी जस्ता सामुदायिक गतिविधिहरु

– टाउन

**पुस्तकालय स्थल :** ठुलो, धेरै जनसंख्या भएको टाउन वा भिलेजहरुमा रहेको

**पुस्तकालय भवन :** ठुला र मध्यम भवनहरु र केही साझेदार सेवाहरुसंग रहेको

**कर्मचारी सहितको साप्ताहिक खुल्ने समय :** ३७

**उपलब्ध स्टक** : युवा तथा बालबालिकाका लागि ठुलो संख्यामा उपन्यास, गैर उपन्यास पुस्तकहरु, डिभिडिहरु भाडामा लिनका लागी उपलब्ध । स्थानीय इतिहास संकलन ।

**निम्न सुविधाहरुः**

– सार्वजनिक पिसि र वाईफाईमा पहुंच

– सुचना र विद्युतीय स्रोत साधनमा पहुंच

– गृष्मकालीन रिडिङ प्रतियोगिता

– गीत गाउने र कुराकानी जस्ता सामुदायिक गतिविधिहरु

– कम्युनिटी प्लस

**पुस्तकालय स्थल :** साना टाउन, भिलेज र छेउछाउको समुदायमा अवस्थित

**पुस्तकालय भवन :** मध्यम तथा साना भवनहरु र केही साझेदार सेवाहरुसंगै रहेका

**कर्मचारी सहितको साप्ताहिक खुल्ने घण्टा :** २८

**उपलब्ध स्टक :** युवा तथा केटाकेटीका उपन्यास तथा गैर उपन्यास पुस्तकहरु भाडामा लिनका लागि उपलब्ध, जसलाई स्थानीय आवश्यकता र छनौंटहरुलाई प्रकाश पार्नका लागि छनौंट र विकास गरिएको छ । केही स्थानीय इतिहासका पुस्तकहरुको स्टक ।

**निम्न सुविधाहरुः**

– सार्वजनिक पिसि र वाईफाईमा पहुंच

– सुचना र विद्युतीय स्रोत साधनमा पहुंच

– गृष्मकालीन रिडिङ प्रतियोगिता

– गीत गाउने र कुराकानी जस्ता सामुदायिक गतिविधिहरु (स्वयंसेवा उपलब्ध भएका खण्डमा)

– <u>समुदाय</u>

**पुस्तकालय स्थल :** भिलेज तथा वरपरका समुदायबीचमा अवस्थित

**पुस्तकालय भवन :** साना भवनहरु र केही साझा सेवाहरुसंगै रहेका

**कर्मचारी सहितको साप्ताहिक खुल्ने घण्टा :** २३

**उपलब्ध स्टक :** युवा तथा केटाकेटीका उपन्यास तथा गैर उपन्यास पुस्तकहरु भाडामा लिनका लागि उपलब्ध, जसलाई स्थानीय आवश्यकता र छनौंटहरुलाई प्रकाश पार्नका लागि छनौंट र विकास गरिएको छ । केही स्थानीय इतिहासका पुस्तकहरुको स्टक ।

**निम्न सुविधाहरुः**

– सार्वजनिक पिसि र वाईफाईमा पहुंच

– सुचना र विद्युतीय स्रोत साधनमा पहुंच

– गृष्मकालीन रिडिङ प्रतियोगिता

– गीत गाउने र कुराकानी जस्ता सामुदायिक गतिविधिहरु (स्वयंसेवा उपलब्ध भएका खण्डमा)

– <u>सानो समुदाय</u>

**पुस्तकालय स्थल :** साना भिलेज र वरपरका समुदायहरु बीचमा अवस्थित

**पुस्तकालय भवनः** साना भवनहरु र केही सामुदायिक र भिलेज सेन्टरहरुमा संयुक्त रुपमा अवस्थित

**कर्मचारी सहितको साप्ताहिक खुल्ने घण्टा :** १५

**उपलब्ध स्टक :भाडामा लिनका लागि** युवा तथा केटाकेटीका उपन्यास तथा गैर उपन्यास पुस्तकहरुको मुख्य स्टक उपलब्ध, जसलाई स्थानीय आवश्यकता र रुचीहरुलाई प्रकाश पार्नका लागि छनौंट र विकास गरिएको छ।

**निम्न सुविधाहरुः**

– सार्वजनिक पिसि र वाईफाईमा पहुंच

– सुचना र विद्युतीय स्रोत साधनमा पहुंच

– गृष्मकालीन रिडिङ प्रतियोगिता

– गीत गाउने र कुराकानी जस्ता सामुदायिक गतिविधिहरु (स्वयंसेवा उपलब्ध भएका खण्डमा)

## टायरिङ मोडलको हिस्सा नभएका पुस्तकालयहरु

हामीले टनब्रिज वेल्स र साउथबरो पुस्तकालयहरुलाई यसमा समावेश गरेका छैनौं किनकी यी पुस्तकालयहरु साझेदारहरुसंगका प्रमुख परियोजनाहरुका हिस्सा हुन् जसमा हामीले एकै छानामुनी सेवाहरु ल्याउने योजना बनाएका छौं तर त्यो अझै विकासकै कममा छ।

टायरिङ मोडेल पछिका मितिहरुमा लागु गर्न सकिनेछ।

स्यान्डगेट पुस्तकालयलाई पनि संलग्न गराईएको छैन किनकी यो सेवाको दिनदिनैको सेवा स्यान्डगेट प्यारिस काउन्सिलले प्रदान गर्ने गरेको छ।

## प्रस्तावित टायरहरु र खुल्ने समयहरु

हामी हरेक पुस्तकालयलाई पांचवटा टायर मध्ये एक अन्तर्गत राख्ने प्रस्ताव राख्दछौं जुन निम्न बमोजिम छन् :

### टाउन प्लस

आसफोर्ड

क्यानटरबरी

डार्टफोर्ड

डिल

ग्रेभसेन्ड

हर्न बे

मेडस्टोन

मार्गरेट

सेभेनोक्स्

सिटिङबोर्न

स्वानली

**<u>टाउन</u>**

बर्चिङटन

ब्रोडस्टेयर्स

डोभर

ईडेनब्रिज

फेभरशाम

फोल्क्स्टोन

हाईथ

लार्कफिल्ड

राम्सगेट

शिरनेश

टनब्रिज

हिटस्टेबल

**<u>कम्युनिटी प्लस</u>**

यालिंगटन

बियरस्टेड

बरो ग्रिन

चेरिटन

क्लिफटोनभिल

कोल्डहार्बर

कक्सहिथ

कयानब्रुक

फिल्टडाउन

ग्रिनहाईथ

हायम

लेनाम

लिमिन्ज

म्याडगिनफोर्ड

मार्डेन

मिओफाम

मिन्स्टर–इन–सेप्पी

न्यु आश ग्रिन

न्यु रोम्नी

स्यान्डवीच

समर हाउस ड्राईभ

टेन्टरडेन

वेस्टरह्याम

वेष्टगेट

वे

**कम्युनिटी**

आसेन ड्राईभ

आयलेशाम

चेरिङ

ईष्ट पेकम

हाडलो

हार्टली

हकहर्सट

हेडकर्न

हाईभ हाउस

केमसिङ

किंग्स् फार्म

लिड

मार्लिङ कस

मिन्स्टर–इन–थानेट

अटफोर्ड

प्याडक वुड

पेमबरी

रिभरभ्यु पार्क

रशथल

शेपवे

सेन्ट मार्गरिट्स्

स्टेपलहर्सट्

स्टरी

सटन–एट–होम

स्वालेक्लिफ

स्वान भ्याली

टेम्पल हिल

टेनह्याम

टनब्रिज नर्थ

वेष्ट किंग्स्डाउन

वेष्ट मलिङ

वुड एभेन्यु

याल्डिंग

**<u>साना समुदाय</u>**

आश

बकह्यान्गार

बोटन

ड्यासवुड

लिह्डेनबरो

लङफिल्ड

निविन्ग्टन

क्विनबरो

रिभरहेड

सिल

शेरवुड

शोफिल्ड्स

स्ट्यानहोप

भिगो

## लक्ष्य ५ : स्वस्थ जीवन बांच्नका लागि सबैलाई मद्धत

हाम्रा सेवाहरुले जनताको जीवनमा सांच्चिकै प्रभाव पार्नेछन् । हामी एक्लोपना कम गर्नेछौं, साक्षरता र रिडिङ तथा किताब प्रतिको प्रेमलाई बढाउनेछौं । आमने सामने भेटघाट र प्रविधिको माध्यमबाट हामी मानिसहरुलाई एकै ठाउंमा ल्याउनेछौं । हामी स्वस्थ छनौंटहरु र स्वास्थ्य अवस्थाहरुको स्वव्यवस्थापनमा पनि जोड दिनेछौं । हामी परिवारहरु, वृद्धवृद्धा, बालबालिका तथा जवान व्यक्तिहरुका जीवनमा महत्व थप्दै सबै उमेरका व्यक्तिहरुलाई राम्रो जीवन बिताउन सहयोग गर्नेछौं । सबै उमेरका व्यक्तिहरुको मानसिक, शारिरीक र भावनात्मक स्वास्थ्यमा सघाउने नयां स्थानीय हेरचाह सेवाको हामी प्रशंसा गर्नेछौं ।

### यो किन महत्वपुर्ण छ ?

आधुनिक जीवन तथा स्वास्थ्य क्षेत्रमा भएको सुधारले गर्दा मानिसहरु धेरै बांच्न थालेका छन् । यसो हुंदाहुंदै पनि जटील स्वास्थ्य समस्या, मानसिक स्वास्थ्य समस्या ( बिशेषगरी पुरुष तथा जवान व्यक्तिहरुका बीचमा) भएका व्यक्तिहरुको संख्या बढिरहेको छ, एक्लोपना र अलग्गाईबाट पिडीत मानिसहरुको संख्या बढिरहेको छ र अतिवादको वृद्धिले गर्दा सार्वजनिक त्रास पनि बढेको छ ।

एलआरए सेवा चाहे त्यो केन्टभरको हाम्रो सामुदायिक भवनहरुमा रहेको नेटवर्कबाट लिईएको अनलाईन सेवा होस् वा मानिसहरुका घरमा सिधै दिईएको सेवा होस् , ती सेवाहरुलाई प्रयोगकर्ताले महत्व दिएका छन् र विश्वास पनि गर्दछन् । र यी सेवाले यी चुनौंतीहरुको सामना गर्न महत्वपुर्ण भुमिका पनि खेल्दछन् ।

हामी एक्लोपना र अलग्गाईको सामना गर्न मद्धत पुर्याउनका लागि हाम्रा पुस्तकालय भवनमा नियमित रुपमा जान नसकिरहेका व्यक्तिहरुका लागि हाल दिईआईएको पुस्तकालय सेवालाई समिक्षा गर्नेछौं र ताजा पार्नेछौं । हाम्रो बिशेष पहुंच सेवामा निम्न कुराहरु संलग्न हुनेछन् :

– दृष्टिविहीन र अलिअलि आंखा देख्नेहरुका लागि हुलाकका माध्यमबाट अडियो किताबहरु

– मोबाईल पुस्तकालय सेवा

– घर पुस्तकालय सेवा

– नयां संसारलाई छुनुहोस् ( टिएएनडब्लु) – आइप्याड भाडामा दिने र मद्धत

– केयर होम तथा डे सेन्टरहरुमा डेलिभरी

– डिमेन्सिया भएका व्यक्तिहरुलाई संस्मरण बाकसहरु पठाउने

यी सबै सेवाहरुलाई एकै ब्राण्ड – लाईब्रेरी डाईरेक्ट मुनी एकै ठाउंमा ल्याउने हाम्रो उद्धेश्य छ ।

हामी सेवा आवश्यक परेका र सेवा चाहेका व्यक्तिहरुलाई हाम्रा सेवाहरु प्रदान भएका छन् भन्ने कुरालाई सुनिश्चित गर्नेछौं र ती सेवाहरु सबभन्दा प्रभावकारी र कुशल तरीकाले दिईएको छ भन्ने कुरालाई पनि निश्चित गर्नेछौं । उदाहरणका लागि मोबाईल पुस्तकालयका लागि हाल हामीले प्रयोग गरिरहेका गाडीहरु ब्रेकडाउन हुन लागेका छन् ।

त्यसकारण हामी हाम्रा हालका मोबाईल पुस्तकालयका लागि प्रयोग भैरहेका छ वटा सवारी साधनहरुलाई हटाएर साना, भरपर्दा र इन्धनको खपत कम हुने सवारीहरु प्रयोग गरी मोबाईल पुस्तकालय सेवा प्रदान गर्दछौं ।

हामी हाम्रो घर पुस्तकालय सेवा र नयां संसारलाई छुनुहोस् भन्ने सेवालाई पनि ताजा बनाउनेछौं र प्रचार गर्नेछौ जसबाट मानिसहरुलाई यी सेवाहरु पनि उपलब्ध छन् भन्ने कुरा थाहा होस् ।

हामी, हाम्रा विभिन्न पुस्तकालयहरुमा संचालन हुने  निशुल्क मुख्य कार्यक्रमहरु र गतिविधि कार्यक्रमहरुको विकास तथा निरन्तरताका लागि प्रतिबद्ध छौं । सन् २०१७ – २०१८ को बीचमा बीचमा हामीले निम्न कार्यक्रमहरु गर्यौं :

– ३,९६६ कुराकानी सेसनहरु जहां स्थानीय व्यक्तिहरु कुराकानी गर्न, अनुभवहरु साटासाट गर्न र आफुलाई रुची लागेका बिषयमा बोल्न आउने गर्दछन् ।

– ६,९५० शिशु गीत गाउने समय, जहां अविभावक तथा बच्चाका हेरचाहकर्ताहरुले शिशु तथा केटाकेटीहरुलाई ल्याउंछन् र गीत गाउने तथा गीत सुन्ने काम गर्दछन् ।

– १,३६० रिडिङ ग्रुप सेसन , जवान तथा केटाकेटीहरु दुवैको समुह

– ४,४५८ आइटि बडी सेसन जसमा मानिसहरुलाई अनलाईन जान र कनेक्शन गर्न मद्धत पुगेको थियो ।

हामी सधैं नैं साक्षारता र रिडिङ प्रतिको प्रेमलाई बढावा दिनेछौं । प्राथमिक तथा माध्यामिक विद्यालयहरुमा हामीले दिएको सेवाले रिडिङ र साक्षरता सुधारमा मद्धत पुर्‍याउंछ र सम्पुर्ण पाठ्यक्रमको सिकाइलाई बलियो बनाउंदछ । हामी स्कुलहरुमा पुस्तकहरु ल्याउन र रिडिङ कार्यक्रम राख्न मद्धत पुर्‍याउंछौं जसले गर्दा विद्यार्थीहरुको अध्ययनमा सुधार, परिकल्पनामा सुधार हुनुका साथै भाषामा पनि सुधार आउंदछ । हामी स्कुलका शिक्षक शिक्षिकालाई आठ हप्ता सम्मका लागि ५० वटा सम्म पुस्तकहरु भाडामा लिने अवसर पनि प्रदान गर्दछौं जसमा दुई भाषाका पुस्तकहरु पनि पर्दछन् । हाम्रा सबै पुस्तकालयहरु कक्षाकोठा भ्रमणका लागि उपलब्ध छन् र सन् २०१७– २०१८ मा हामीले १,९९४ कक्षा कोठा भ्रमण सम्पन्न गर्यौं ।

हामी के कुरा पनि सुनिश्चित गर्नेछौं भने सबै केटाकेटीहरुले हरेक बर्ष हुने समर रिडिङ च्यालेन्जमा भाग लिने अवसर प्राप्त गरुन् र लामो समर छुट्टीका बेलामा उनीहरुको पुस्तक पढ्ने बानीलाई कायमै गरुन् । यो च्यालेन्जले केटाकेटीको पुस्तक पढ्ने सीपमा सुधार हुने र स्कुल फिर्ता जांदा उनीहरु तयार पनि हुने कुराको राम्रो प्रमाण छ । हामीले गत बर्षको च्यालेन्जबाट अविभावक तथा केटाकेटीहरुका धेरै सकारात्मक प्रतिक्रियाहरु प्राप्त गरेका छौं ।

सन् २०१८ मा, केन्टका १७,०२३ केटाकेटीहरुले सो च्यालेन्जका लागि नाम दर्ता गराएका थिए भने ती मध्ये आधाभन्दा बढीले उनीहरुको छुट्टीका बेलामा लक्षित छ वटा किताबहरु पढ्ने च्यालेन्ज पुरा गरेका थिए । बियानोको ८० बर्ष मनाउने क्रममा मिसचिफ मेकरलाई सो च्यालेन्जको मुख्य बिषय बनाईएको थियो । बिषय हरेक बर्ष परिवर्तन हुन्छ र एलआरएले यसलाई हाम्रो बार्षिक कार्यक्रमको एउटा मुख्य हिस्सा मान्दछ ।

हामी स्वस्थ विकल्प तथा स्वास्थ्य जानकारीको पनि प्रचार गर्नेछौं । रिडिङ वेल बुक्स अन प्रेस्क्रिप्सन भन्ने कार्यक्रमले डिमेन्सिया, दिर्घकालीन स्वास्थ्य अवस्थाहरु र जवान व्यक्तिहरुको मानसिक स्वास्थ्यजस्ता कुराहरुमा मानिसहरुलाई सहयोगी हुनसक्ने किताबहरुका बारेमा सल्लाह दिन्छ । ती पुस्तकहरुमा जानकारी तथा सुझाव, रोग पत्ता लागेपछि दिन सकिने सहयोग, हेरचाहकर्ताहरुका लागि व्यवहारिक सहयोग र व्यक्तिगत कथाहरु पर्दछन् र यी पुस्तकहरु कुनैंपनि पुस्तकालयमा गएर वा अनलाईन रिजर्भ गरेर भाडामा लिन सकिन्छ । हामी वान यु केन्ट अभियानलाई प्रचार तथा सहयोग पुर्‍याउनका लागि जनस्वास्थ्यमा कार्यरत व्यक्तिहरुसंग सम्बन्ध बढाउनमा पनि काम

गर्नेछौं ( kent.gov.uk/social-care-and-health/health/one-you-kent) जसबाट केन्टका बासिन्दाहरुलाई तन्दुरुस्त र स्वस्थ रहन मद्धत पुगोस् ।

# बिषयगत अध्ययन

## सोसल प्रेस्काइबिङ स्वेलक्लिफ पुस्तकालय

सोसल प्रेस्काईबिङ भनेको " सामान्यतया स्वयंसेवक वा सामुदायिक क्षेत्रबाट प्रदान गरिने सामाजिक, भावनात्मक वा व्यवहारिक आवश्यकता भएका बिरामीहरुलाई विभिन्न स्थानीय गैर क्लिनिकल सेवाहरुमा सिफारिश गर्न सक्षम गराउने प्राथमिक हेरचाह सेवाको एउटा माध्यम हो "

८८ बर्षका रोयको श्रीमती मरिन् र उनका सबै पुरुष साथीहरु पनि मरिसके । उनी एकदमैं एक्लो भए र जीवन निराशाजनक बन्न पुग्यो । उनको जिपीले उनलाई रेड जेब्रा नामको एउटा च्यारिटिसंग सम्पर्क गराईदिए जुन च्यारिटिले बलियो स्थानीय समुदाय बनाउन संघ संस्था तथा व्यक्तिहरुसंग नजिक रहेर काम गर्दछ । उनीहरुले मानिसहरुको अवस्थालाई मद्धत गर्नेगरीका गतिविधिहरु पत्ता लगाउनमा मद्धत गर्दछन् । उनीहरुले सुझाएका मध्येको एक गतिविधि स्वालेक्लिफ पुस्तकालयमा कुराकानी सेसन हो । सो समुहले हरेक हप्ता बुधबार बिहान भेटघाट गर्दछ । रोय पनि त्यो समुहमा सामेल हुन गए जहां उनी कैयन् फरक फरक मानिसहरु भेट्दछन् । उनीहरु चिया पिउंछन् र थरीथरीका बिषयमा कुराकानी गर्दछन् । रोय आजकाल भन्छन् , उनी एक्लोपना कम अनुभव गर्छन् र सो समुहमा जाने दिन कुर्छन् ।

# एक सफल र विकसित सेवा

### सफलताका मापकहरु

हामी हाम्रो रणनीतिको कार्यान्वयनका हरेक चरणमा पुस्तकालय, दर्ता र संग्रह सेवाको सफलतालाई समिक्षा गर्नेछौं र रणनितीको अन्त्यमा पुर्ण समिक्षा पनि गर्नेछौं । हाम्रो सेवाको सफलता मापनका हकमा जम्मा भएका तथ्यांकहरुको जांच गरेर हामी धेरै ग्राहकहरुसम्म पुगेका छौं कि छैनौ र उनीहरुलाई कस्तो सेवा दिईरहेका छौं भन्ने कुरा हामी मुल्यांकन गर्नेछौं ।

हामी हाम्रा सेवाहरुमा सुधार ल्याउन र उनीहरुका प्रतिक्रियाले कसरी हामीलाई हाम्रो सेवा कायम राख्नमा सहयोग गरिरहेको छ भन्ने कुरा थाहा दिनका लागि ग्राहकहरुको

प्रतिक्रिया लिनेछौं र उपयोग पनि गर्नेछौं । हामी, हाम्रा उद्धेश्यहरु बमोजिम चल्नाले कसरी मानिसहरुको जीवनमा फरक पारेको छ भन्ने कुरा देखाउनका लागि ग्राहकका सकारात्मक कथाहरुको प्रयोग गर्नेछौं र हामीले चाहेका नतिजाहरु पनि दिनेछौं ।

हामी, नियमित र छिटो छिटो हामीले गरेका कामको समिक्षा गर्ने प्रस्ताव राख्दछौं जुन हाम्रो सेवा रणनीतिकै एक हिस्सा हो । यसमा उदाहरणका लागि:

– शुल्क र जरीवानको बार्षिक समिक्षा

– सन् २०१६ मा गरिएको मोबाईल पुस्तकालय समिक्षामा उल्लेखित सहमत भैसकेका मापदण्डहरु बमोजिम हरेक दुई बर्षमा हाम्रो मोबाईल पुस्तकालय सेवाको एउटा समीक्षा

– अध्याय पांचमा तय भएका मापदण्डहरुको प्रयोग गरेर पुस्तकालय टायरिङको समीक्षा हरेक दुई बर्षमा

यो तरीकाले हामीले प्रदान गरिरहेका सेवाहरु सही हिसाबमा ग्राहकहरुका माग तथा चाहना बमोजिम छन् भन्ने कुरालाई सुनिश्चित गर्दछ । हामी, एलआरए सेवाहरुलाई अघि बढाउनका लागि हाम्रा ग्राहकहरुसंग संलग्न हुनेछौं र उनीहरुलाई जानकारी पनि दिनेछौं । यदि यो रणनीति अपनाईयो भने, केही सेवाहरुको विकास गरिनेछ र थप प्रस्तावनाहरु तयार गर्नुपर्ने हुनसक्छ जसका लागि हामी ग्राहकहरुसंग सल्लाह लिनेछौं ।

हामी जनतालाई कुनैंपनि प्रस्तावका बारेमा जानकारी दिनेछौं र सबभन्दा राम्रो र सुपथ सेवालाई सुनिश्चित गर्नका लागि सुझाव तथा प्रतिक्रिया पनि माग्नेछौं ।

हामी रणनीतिलाई अझ विकसित बनाउन र अन्तिम रुप दिनका लागि जनतासंग कुराकानी गरेबाट प्राप्त प्रतिक्रियाको प्रयोग गर्नेछौं र अन्तिम सबैलाई मान्य हुने संस्करण प्रकाशित गर्नेछौं जसका बारेमा निर्णय भने भैसकेको छैन ।

हामी के कुरामा प्रतिबद्ध छौं भने भविष्यका लागि तय गरिएको एलआरएको रणनीति हामीलाई प्राप्त रकम बमोजिम सबै खर्च पुग्ने, उपलब्ध गराउन संभव हुनेछ । हामी केसिसिको मध्यम समयको आर्थिक योजना बमोजिम बचत गर्नका लागि काम गर्नेछौं र केन्टका जनताका लागि हाम्रो सेवाले पैसाको उचित मुल्य प्रदान गर्नेछ भन्ने कुरालाई सुनिश्चित गर्नेछौं ।